मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ७९ | २०७९ साल माघ १३ गते शुक्रवार | Friday 27, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

### भारतको ७४ औं गणतन्त्र दिवस बीरगंजमा भव्यरुपमा सम्पन्न

## नेपाल भारतको सम्बन्ध रोटी बेटीको मात्रै नभई पौराणीक सम्वन्ध पनि रहेको मुख्यमन्त्री यादवको भनाई






मधेशदृष्टि
वीरगञ्ज, १२ माघ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले नेपाल र भारतको सम्बन्ध रोटी बेटीको मात्र नभई राजनीतिक सामाजिक, धार्मिक, सांस्कृतिक रुपमा समेत धेरै पुरानो सम्बन्ध रहेको बताएका छन । भारतको ७४ गणतन्त्र दिवसको अवसरमा विहिवार वीरगञ्ज महावाणिज्य दूतावासद्वारा आयोजना गरिएको बिशेष समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले नेपालको विकास यात्रामा भारतको महत्वपूर्ण योगदान रहेको चर्चा गरे । उनले भारतको गणतन्त्र दिवसको अवसरमा भारत सरकार एवं सम्पूर्ण भारतवासीमा शुभकामना तथा बधाई समेत व्यक्त गरे । मुख्यमन्त्री यादवले भारतमा ठूलो संख्यामा नेपाली नागरिकहरुले रोजगारी प्राप्त गरी रहेको तथा भारतीय नागरिकहरुले नेपालमा पनि रोजगारी गरी रहेको बताउँदै शिक्षा, स्वास्थ्यको क्षेत्रमा समेत दुबै देश एक अर्काको परिपुरक भएको बताए । उनले नेपाल भारतको भाषा,सस्कृति भेषभुषा समेत मिल्दोजुल्दो भएको बताउदै एक अर्काको सुख-दुःखमा सधै सहभागी हुदै आएको कुरामा जोड दिए । मुख्यमन्त्री यादवले भारतीय स्वतन्त्रताको आन्दोलनमा नेपालीहरुको निकै ठूलो योगदान रहेको तथा नेपालको प्रजातान्त्रिक आन्दोलनमा समेत भारतीय जनताको सहयोग रहेको बताउदै भारत सरकारको सहयोगमा वीरगञ्जमा निर्माण भएको सुख्खा बन्दगाह, हुलाकी राजमार्ग, अन्तरदेशिय पेट्रोलियम पाईप लाईन जस्ता योजनाले नेपालको समृद्धि र विकासमा महत्वपूर्ण योगदान पुगेको बताए । कार्यक्रममा वीरगंज स्थित भारतीय महावाणिज्य दूतावास वीरगञ्जको तर्फबाट महावाणिज्यदूत नितेश कुमारले सम्पूर्ण भारतीय समुदाय तथा नेपालमा वासोवास गरी रहेका भारतका मित्रहरुमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा जसपाका संसदस्य दलका नेता एवं सांसद रामसहाय यादव, राजकुमार गुप्ता, अच्युत मैनाली, अजय चौरसिया,प्रदेश सांसद रमेश पटेल, प्रमोद जैसवाल एवं बिभिन्न संघ सस्थामा प्रमुख एवं प्रतिनिधिहरुको सहभागीता रहेको थियो । कार्यक्रममा बीरगन्जका बिभिन्न स्कुल तथा कलेजका विद्यार्थीहरुले गणतन्त्र दिवसको अवसरमा गीत, नृत्य एवं झाकी प्रदर्शन गरेका थिए।

## विनाविभागीय मन्त्रीको जिम्मेवारी तोकियो

### जनमतका मन्त्री बसन्तलाई सहमति विपरित कृषि







मधेशदृष्टि
जनकपुरधाम, १२ माघ। जनमत पार्टीलाई संघीय सरकार जस्तै मधेश प्रदेश सरकारमा पनि सहमति विपरितको मन्त्रालय दिइएको छ।
प्रदेश स्थित सत्ता साझेदार संसदीय दलका नेताहरु बिच जनमत पार्टीसमाजिक विकास दिइने सहमती भएको थियो । तर सहमतिको २ दिन नबित्दै मुख्यमन्त्री सरोज कुमार यादव अचानक सहमति विपरित जनमतबाट बिना विभागिय मन्त्रीको सथप लिएका पार्टीका उपाध्यक्ष समेत रहेका ई. बसन्त कुशवाहाको मन्त्रालय परिवर्तन गरि प्रदेश प्रमुख हरिशंकर मिश्र कहाँ सिफारिस गरियो।
बुधवार मुख्यमन्त्री यादवले विना विभागीय मन्त्रीहरुको कार्य विभाजन गरिएको सदरका लागि रिफारिसको पत्राचार गरेको थियो। सो सिफारिस अनुसार मन्त्री कुशवाहालाई भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा तोकिएको छ।
बिना विभागिय मन्त्री कुशवाहालाई समाजिक विकास मन्त्री भन्दै समाजिक सञ्जालमा विगत दुई दिन देखि बधाई र शुभकामनाको लर्को आइरहेको थियो । तर एकाएक प्रदेश प्रमुख कार्यालयको विज्ञप्तीमा उनको मन्त्रालय खोसिएर कृषि बनाइएको छ। संघीय सरकारमा पनि जनमतलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय दिने सत्ता साझेदार दलबीच सहमति भएको थियो। तर कार्य विभाजन गर्दा उद्योग नदिंदा जनमतले जिम्मेवारी नै लिएनन्। सहमति विपरित मन्त्रालय दिइएको भनी आपति जनाउँदै जनमतबाट मन्त्री बनेका अब्दुल खानले शपथ ग्रहण गरेको एक महिनासम्म पदभार ग्रहण गरेनन् । पछि सत्ता साझेदारले खानेपानी मन्त्रालयको जिम्मेवारी दिएपछि असन्तुष्ट भएपनि अन्ततः पदभार ग्रहण

- *बाँकी पृष्ठ ६ मा*

### शनिवार मन्त्रिपरिषद विस्तार

मुख्यमन्त्री सरोजकुमार यादवले शनिवारसम्म नभए आइतवार मन्त्रिपरिषदको विस्तार गर्ने जनाएको छ। मधेशदृष्टिसँग कुरा गर्दै उनले भने कुन दललाई कुन मन्त्रालय दिइने करीब करीब सहमति भइसकेको छ । प्रदेश प्रमुखज्यू जनकपुरधाममा नरहेको कारण मन्त्रिपरिषदमा ढिलाई भएको हो।
मुख्यमन्त्री यादवले भने प्रदेश प्रमुखज्यू अहिले बाहिर हुनु हुन्छ। उहाँ आए लगतै मन्त्रिपरिषद विस्तार गर्नेछु। कहिलेसम्म प्रदेश प्रमुखज्यू आउनु हुन्छ भन्ने प्रसंगमा उनले भने आज आउने कुरा थियो, तर म आफै जनकपुरधाम बाहिर बीरगंजमा महावाणिज्य दूतावासको एक कार्यक्रममा छु । भोली प्रदेश प्रमुख आफै बाहिर हुनुहुन्छ, शनिवार प्रदेश प्रमुखज्यू र म पनि जनकपुरधाममै हुन्छु सोही दिन मन्त्रिपरिषद विस्तार गर्नेछु । यदि कथमकदाचित कुनै कारणवश भ्याउन सकिएन आइतवार निश्चित नै मन्त्रिपरिषद् विस्तार हुनेछ।

## मधेशमा डेढ लाख बढी बालबालिका विद्यालय बाहिर




मधेशदृष्टि
जनकपुरधाम, १२ माघ। जन्मदर्ता आभावमा मधेश प्रदेशका डेढ लाखभन्दा बढी बालबालिका विद्यालय बाहिर रहेका छन्।
नेपाल सरकारले विद्यालय बाहिर रहेका बालबालिकालाई पहुँच बनाउन निशुल्क शिक्षा सहित खाजा, किताब र पोशाक समेतको व्यवस्था गरी अभियान नै थालेको छ । मधेश प्रदेश सरकार समेतले छोरीलाई शिक्षित बनाउन बेटी पढाउ बेटी बचाउन अभियान चलाएको छ।
तर नेपाल सरकारको शिक्षा विभागको एक तथ्यांक अनुसार मधेस प्रदेशका ८ जिल्लामा ५ देखि १२ वर्ष उमेरसम्मका १ लाख ५३ हजार ८०९ जना बालबालिका विद्यालय बाहिर रहेका छन् । जुन पढाईबाट वञ्चित रहेका छन् । देशभर विद्यालयबाहिर रहेका बालबालिकाको संख्याको झन्डै ४९ प्रतिशत मधेस प्रदेशले ओगटेको छ । तर यो उमेर समूहका ८२ हजार ४२० छोरी र ७१ हजार ३ ८९ छोरा विद्यालय बाहिर रहेका छन् । तिनीहरु रोजीरोटीका लागि मजदूरी, प्लास्टिक विच्ने र स साना व्यवसायमा संलग्न तथा आमाबुवालाई मजदूरीमा हात बांटदै आएका छन् । अधिकांश बालबालिका जन्मदर्ता आभाव र गरीबीले रोजीरोटीका लागि अन्य काममा लाग्ने गरेको।
सरकारले भर्ना प्रक्रियाका क्रममा नै जन्मदर्तालाई अनिवार्य गरेपछि शिक्षा विभागको २ वर्षअघिको तथ्याङ्क हेर्ने हो महोत्तरीमा मात्रै ३ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेको छ । महोत्तरीको बर्दिबासका पञ्चधुरा माध्यमिक विद्यालयका प्रधानाध्यापक हरि दाहालले अनिवार्य जन्मदर्ताका कारण बालबालिकालाई विद्यालय भर्नामा समस्या उत्पन्न भइरहेको

- *बाँकी पृष्ठ ६ मा*

## दिलिप हत्या मुद्दा : तत्कालिन ३ इन्सपेक्टरलाई हाजिर हुन आदेश




मधेशदृष्टि
जनकपुरधाम, १२ माघ। बालुवा प्रशोधन क्रसर उद्योगमा हत्या गरिएका धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरका ओमप्रकाश महतो (दिलीप) को मुद्दामा प्रतिवेदकलाई जिल्ला अदालतमा हाजिर हुन आदेश गरिएको छ।
जिल्ला अदालत धनुषाका न्यायाधीश चित्र बहादुर गुरुङ्गको इजलाशले प्रतिवेदनका व्यक्ति बुझ्ने आदेश दिंदै घटना स्थलमा पुगेर तत्कालीन प्रहरी निरीक्षक (इन्सपेक्टर) राम कुमार यादव, रामकुमार भण्डारी र कुलान्नद अमातले प्रतिवेदन तयार पारेको थियो।
तीनै जना प्रतिवेदकलाई अदालतमा हाजिर हुन आदेश दिइएको छ। यसअघि गत मंसिर २९ गते हत्यामा प्रयोग भएको टिपर धनीलाई बुझ्ने आदेश दिइएको थियो। गएको पुस २८ गते अदालतमा उनको बकपत्र भएको थियो । यो मुद्दामा

- *बाँकी पृष्ठ ६ मा*



# आचार्यको घटनामा दुरुत्साहनको जाहेरी, छानबीन समिति गठन

मधेशदृष्टि
जनकपुरधाम, १२ माघ । संसद भवन अगाडि आत्मदाह गरेका प्रेमप्रसाद आचार्यले नाम लिएका व्यक्ति र संस्थाविरुद्ध आत्महत्या दुरुत्साहनको जाहेरी परेको छ।




इलाम सूर्योदय नगरपालिका-११ का आचार्यले मंगलबार आत्मदह गर्नु अगाडि फेसबुक स्टाटस लेखेका थिए । उनले स्टाटसमा नाम उल्लेख गरेका व्यक्ति र संस्था विरुद्ध काठमाडौं प्रहरी परिसरमा जाहेरी परेको छ।
आचार्यले नाम लिएका व्यक्ति र संस्थाविरुद्ध अधिवक्ता स्वागत नेपालले काठमाडौं प्रहरी परिसरमा आत्महत्या दुरुत्साहनको जाहेरी दिएका हुन् । आत्माहत्या दुरुत्साहनको कसुरमा जाहेरी आईपुगेको परिसरका एसपी दिनेश मैनालीले बताए। आचार्यले ठूला व्यापारिक संस्थान, घरानाका कारण आफू आर्थिक रुपमा डुबेको स्टाटसमा आरोप लगाएका थिए।
यसैबीच १२ आत्मदाहको प्रयास गरि उपचारका क्रममा निधन भएका इलामका आचार्यले उठाएका विषयमा छानबिन गर्न गृह मन्त्रालयले समिति गठन गरेको छ।
गृह मन्त्रायका सह-सचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरिएको हो । अर्थमन्त्रालयका उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव, नेपाल प्रहरीबाट प्रहरी उपरिक्षक र राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक सदस्य रहने गरि समिति गठन भएको छ। आत्मदाहको प्रयास गरेका आचार्यले सामाजिक सञ्जालमा उठाएका सबै विषयमा यथाशीघ्र छानबिन गरी प्रतिवेदन तयार पार्न र त्यससम्बन्धमा सरकारले के के गर्नुपर्ने हो सुझाव तयार पार्ने कार्यादेश समितिलाई दिइएको छ।
आत्मदाह गर्नुअघि आचार्यले सामाजिक सञ्जालमार्फत आफूले व्यापार व्यवसाय गर्दा झेल्नु परेका समस्यालाई उल्लेख गरेका थिए।

# हलो र गोरुको पुजा गरी किसानहरुले मनाए श्रीपञ्चमी

मधेशदृष्टि
जनकपुरधाम, १२ माघ । नेपाल सहित हिन्दु धर्मावलम्बी देशहरुमा बसन्त पञ्चमी अर्थात श्रीपञ्मीका दिन विद्याकी देवी माता सरस्वतीको पूजा गर्ने चलन छ।
तर मिथिलाञ्चल क्षेत्रमा किसानहरुले हलो र गोरुको पूजा गरी श्रीपञ्चमी मनाउँदै आएका छ्न। यसै क्रममा बिहीवार श्रीपञ्चमीका दिन धनुषा सहित तराई मधेशमा पर्ने मिथिलाञ्चल क्षेत्रमा किसानहरुले हलो र गोरुको पूजा गरेका छन्।
पिँढीदर पिँढीरुपमा मिथिलाञ्चलभरिका किसानले श्रीपञ्चमीकै दिन कृषि कार्यको शुरुआत भएको जनविश्साका साथ हलो तथा गोरुको पुजापाठ गर्दै आएका छन्। सो अवसरमा धनुषा सहित मिथिलाञ्चल क्षेत्रका किसानहरुले एकाबिहानै हलो र गोरुको पूजा गरेका हुन्।
किसानले आ-आफ्ना आँगनमा गाईको गोबरले लिपपोत गरेर, फूल माला, अक्षत (चामल), अबिर, लड्डुलगायतका वस्तुसहित आँगनमा हलो राखेर तथा घर बाहिर रहेका गोरुलाई नुहाई धुवाई, गलामा रंगीचंगी डोरी लगाएर पुजापाठ गरेका छन्।
किसानले हलो र गोरुको पूजा गरिसकेपछि परम्परा अनुसार नजिकैको खेतमा लगेर एकछिन हलो र गोरुले खेत जोतेका छन्। धेरै किसानले नयाँ किनेको गोरुलाई पहिलोपटक खेत जोत्न लगाउने तथा बाछोबाट गोरुको रुपमा तयार भइसकेकालाई समेत श्रीपञ्चमीको दिनबाटै गोरुबाट खेत जोत्ने चलन रहेको धनुषाका किसान हरि यादवले बताएका छन्।



उनका अनुसार आजैका दिन किसानले हलोमा धार लगाउने, कोदालो धारिलो पार्ने तथा हँसिया र खुर्पासहितको कृषि औजारहरुलाई नयाँ धार लगाएर पुजापाठ गरी प्रयोगमा ल्याउने गर्दछन्।
प्रसादको रुपमा किसानहरुले अरवा चावलमा सख्खर मिलाएर तयार पार्दछन् । हलो र गोरुको पूजा गरेर हलो जोतेर एक आपसमा अबिर दल्ने तथा प्रसाद वितरण गरेर यो पूजा सम्पन्न गर्दछन्। पूजा सम्पन्नपछि चामल र सख्खर मिश्रित प्रसाद पुजा हेर्न आएका तथा गाउँ समाजलाई बाँडने गर्दछन्। श्रीपञ्चमीको दिन हलो र गोरुको पुजा गरे खेत बाँझो नरहने किसानहरुको जनविश्वास रहेको छ।

# होटलमा सर्भिस चार्ज नलिन सर्वोच्चको आदेश

मधेशदृष्टि
काठमाडौ, १२ माघ । होटल, रेस्टुरेन्ट तथा अन्य सेवा प्रदायकले लिने गरेको सर्भिस चार्ज नलिन सर्वोच्च अदालतले आदेश गरेको छ।
सर्वोच्च अदालतको संवैधानिक इजलासले सर्भिस चार्ज लिने गरी बनेको श्रम ऐनको केही प्रावधान संविधानसँग बाझिएको भन्दै अमान्य घोषित गरेपछि सर्भिस चार्ज अमान्य घोषित गरेको हो।
सर्वोच्च अदालतको संवैधानिक इजलासबाट होटल, रेस्टुरेन्ट, मोटल, ट्राभल एजेन्सी लगायतका सेवा प्रदायकले लिने सर्भिस चार्जलाई गैरकानुनी घोषित गर्दै सर्वोच्चले त्यस्तो व्यवस्था तत्कालै हटाउन परमादेश समेत जारी गरेको छ।
कामु प्रधानन्यायाधीश हरि कृष्ण कार्की, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र न्यायाधीश अनिलकुमार सिन्हाको संवैधानिक इजलासले सामूहिक सौदाबाजीमा ग्राहक वा उपभोक्तासँग सर्भिस चार्ज लिई बाँडफाँड गर्ने श्रम ऐन, २०७४ को दफा ८७ को उपदफा ३ तथा श्रम नियमावली, २०७५ को नियम ८२ संविधानको धारा ४४ तथा धारा ११५ सँग बाझिएको भन्दै ऐन र नियमावलीका उक्त व्यवस्था खारेज गरिदिएको हो।
ऐन र नियमावलीको उक्त व्यवस्था खारेज भएसँगै अब होटल, रेस्टुरेन्ट तथा अन्य सेवा प्रदायकले सर्भिस चार्जका नाममा रकम उठाउन पाउने छैनन् भने वस्तु वा सेवाको मूल्य कायम गर्दा पनि सम्पूर्ण खर्च जोडेर हुन आउने लगायतमा कानुनले तोकेको भन्दा बढी नाफा नराखी विक्री गर्नुपर्नेछ।
सर्वोच्च अदालतबाट जारी भएको परमादेश सहितको फैसलामा २०७९ माघ ११ गतेदेखि नै लागू हुने गरी श्रम ऐन, २०७४ को दफा ८७ को उपदफा ३ तथा र श्रम नियमावली, २०७५ को नियम ८२ खारेज गरिदिएसँगै अब होटल रेस्टुरेन्ट तथा पर्यटनसँग सम्बन्धित संघ संस्था वा अन्य सेवा दिने कम्पनी वा संस्थाले सर्भिस चार्ज लिन नपाउने भएका छन्।
यसअघिसम्म विभिन्न होटल, रेस्टुरेन्ट तथा मुख्यतः पर्यटनसँग सम्बन्धित संघ र संस्थाले



१० प्रतिशत सेवा शुल्क लिने गरेका थिए । सोही विषयमा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले २०७५ असोज २३ गते सर्वोच्च अदालतमा १० प्रतिशत सेवा शुल्कको विषय संविधानसँग बाझिएको भन्दै हटाउन माग गर्दै रिट दर्ता गराएका थिए।

# भगवान रामको मूर्ति बन्ने शिला जनकपुरधामका लागि हिंड्यो

मधेशदृष्टि
जनकपुरधाम, १२ माघ। भारतको अयोध्यामा भगवान रामको मूर्ति बन्ने कालीगण्डकी नदीको शिला -पत्थर) गलेश्वरधामबाट जनकपुरधाम हुँदै अयोध्याका लागि हिंडेको छ।
शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीबाट बुधबार निकालेर गलेश्वरधाम परिसरमा लगिएको सो शिला बिहीवार मन्दिरमा रुद्राभिशेकसहित विशेष पुजा गरी जनकपुर हुँदै अयोध्याका लागि बिदाई गरिएको छ।म्याग्दीको बेनी नगरपालिका-६ ठूलोपहिरोस्थित कालीगण्डकी नदी किनारको शिला बुधबार




क्रेनमार्फत निकालेर गाडीमा राखेर गलेश्वर मन्दिर लगिएको थियो । नगर प्रमुख सुरत केसीले शिलाको पूजा आराधनागरी जनकपुरधाम जानकी मन्दिरका महन्थ रामतपश्वेर दासलाई हस्तान्तरण गरेपछि बाजागाजा र ऱ्यालीसहित बेनी बजार परिक्रमा गराई जनकपुरतर्फ पठाइएको हो। भगवान रामको मूर्ति बन्ने शिलाको दर्शन गर्न सयौँ भक्तजन, सरकारी निकायका प्रमुख तथा प्रतिनिधि, सर्वसाधारण लगायतको भीड लागेको थियो। गत आइतबार गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले धार्मिक विधिअनुसार क्षमापूजा र गंगा पुजन गरेर शिला जानकी मन्दिरका महन्थ दास र अयोध्याको राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कजलाई शिलाको प्रतीकस्वरूप तीन वटा शालिग्राम हस्तान्तरण गरेका थिए। नेपाल सरकारको मन्त्रिपरिषद् बैठकको निर्णयानुसार १८ र १६ मेट्रिकटन तौल भएका सात फिट लम्बाइ पाँच फिट चौडाइ र तीन दशमलव पाँच फिट मोटाइका दुई शिलाको पहिचान र क्षमापूजाको काम सम्पन्न भएपछि बिहीवार श्रीपञ्चमीको शुभसाइतमा शिला जनकपुरधाम हुँदै अयोध्या पठाइएको नगर प्रमुख केसीले जानकारी दिए । हिन्दु धर्मावलम्बीको केन्द्र अयोध्यासँगको जनकपुरको धार्मिक र ऐतिहासिक सम्बन्ध रहेको छ । कालीगण्डकीको शिला अयोध्या लगेर भगवान श्रीरामको मूर्ति बनाउँदा कालीगण्डकीको महत्व अझै बढ्ने अयोध्यास्थित राममन्दिर निर्माण समितिका सचिव पङ्कजले बताएका छन्।
उनले भने 'अयोध्या र जनकपुरको धार्मिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई यो शिलाले कालीगण्डकी र म्याग्दीसम्म विस्तार गरेको छ।'
सो शिला जनकपुरधाम आएपछि गण्डकी प्रदेश सरकारले मधेस प्रदेश सरकारलाई हस्तान्तरण गर्नेछ। त्यसपछि विधिवत रुपमा जनकपुरधाममा नेपाल सरकारले भारत सरकारलाई हस्तान्तरण गरेपछि अयोध्या पठाइने बताइएको छ। जयनगरको मार्ग हुँदै अयोध्या सो शिला पठाइने बताइएको छ।

# मोसा ठक्करबाट एक वृद्धको मृत्यु

मधेशदृष्टि
महोत्तरी, १२ माघ । महोत्तरीमा मोटरसाईकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ।
औरही नगरपालिकाको वडा नम्बर २ स्थित औरहीमा मोटरसाईकलको ठक्करबाट स्थानीय ६० बर्षीय गोगाई ठाकुर लोहारको मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ।
सर्लाही जिल्लाको बरहथवा नगरपालिका वडा ३ बस्ने रोशन लाल महतोले चलाएको ना ३७ प ७२३१ नम्बरको मोटरसाइकलले पैदल हिडीरहेको ठाकुरलाई ठक्कर दिदाँ गम्भीर घाइते भएका थिए । उनको उपचारको क्रममा मृत्यु भएको जनाइएको छ। घाइते ठाकुरको उपचारका क्रममा जनकपुरधाममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ। ठक्कर दिने मोटरसाईकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान सूरु गरेको जनाइएको छ।

# असारसम्म कर तिर्ने शर्तमा क्रसर उद्योग खुला गरियो

मधेशदृष्टि
काठमाडौ, १२ माघ। कर नतिरी सञ्चालनमा रहेका क्रसरहरुलाई असार मसान्तसम्म तिर्ने सर्तमा खुला गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।
मन्त्रिपरिषद्को बुधबार बेलुका बसेको बैठकले यसअघि दर्ता नभई चलेका क्रसर बन्द भने बन्द गर्ने निर्णय गरेको हो।
बैठकले क्रसर उद्योग संचालनमा नआए विकास निर्माणमा प्रभाव पर्ने भन्दै अवैधलाई बन्द गर्ने तर दर्ता भएर पनि कर नतिरेका छन् भने सर्तसहित संचालन गर्न दिने निर्णय गरेको एक मन्त्रीले बताएका छन्।
'विकास निर्माणका काममा ढुंगा, गिट्टी र बालुवाको अभावले समस्या देखिन थालेको विषय मन्त्रिपरिषद्मा उठेको थियो । अवैध रूपमा संचालनमा रहेका क्रसर उद्योग बन्द गर्ने निर्णय भएको छ भने दर्ता भएर कर



नतिरेकाका सन्दर्भमा कर तिर्दै गर्ने र संचालन पनि गर्ने निर्णय भएको छ,' ती मन्त्रीले भने।
सरकारले क्रसर उद्योगसँग सम्बन्धित कानुन बनाउने गरी तयारी गर्ने पनि निर्णय लिएको ती मन्त्रीले जानकारी दिए। अहिले कर नतिरी संचालनमा रहेका क्रसर उद्योगहरूलाई असार मसान्तसम्म कर तिर्ने अवधि दिएर त्यसपछि नयाँ कानुनअनुसार संचालन गर्न दिने निर्णय गरेको हो।
गृह मन्त्रालयले पुस तेस्रो साता देशभर सञ्चालनमा रहेका अवैध क्रसर बन्द गराउन सबै जिल्ला प्रशासनलाई परिपत्र गरेको थियो। गृह मन्त्रालयले कानुनबमोजिम दर्ता नभएका, नवीकरण नभएका तथा आयोजनाका नाममा सञ्चालनमा रहेका, तर अवधि सकिएका क्रसर बन्द गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको थियो।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। आर्थिक कारोबारमा सफलता पाइएला। लाभदायक यात्रा होला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ। मालसामान हराउन सक्छ। ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथिको आगमन पनि हुन सक्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ। सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला। सहकर्मीबाट विरोध आउला। नियमित खर्चसमेत बढ्ने योग पनि छ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ। पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। रमाइलो यात्राको सम्भावना पनि रहेको छ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ। घरमा अतिथिको आगमन हुनेछ। महत्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। रोकिएको धन हात पर्ला। न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ। आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

# रक्षामन्त्री उप्रेती सम्मान खाँदै, उनैसंग पराजित साह कलम कापी बाँड्दै

घनश्याम बलम्पाकी

सर्लाही,१२ माघ । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि एवम् प्रदेश सभा निर्वाचनमा सर्लाही क्षेत्र नम्बर ३ नेकपा एमालेबाट निर्वाचित रक्षा मन्त्री समेत रहेका हरि प्रसाद उप्रेती गृह जिल्ला सर्लाही आइपुगेका छन् ।

संसदमा विजयी हुँदै रक्षा मन्त्री समेत बनेका उप्रेती बुधबार नेपाली सेनाको हेलिकप्टरबाट बरहथवाको हिरापुरमा ओर्लिएका छन् । त्यहाँ अवतरण गरे लगत्तै उनले बरहथवा नगरपालिका-९ मूर्तियामा आएर छेठौं मुक्तेश्वर महोत्सवको उद्धाटन गरेका छन् । आज बिहिवार बिभिन्न संघसंस्थाले गरेको कार्यक्रम उद्घाटन र सम्मान कार्यक्रममा सम्मान बटुल्न व्यस्त भएका छन् भने भोली शुक्रवार उद्योग बाणिज्य संघ हरिवनको सम्मान कार्यक्रममा सरिक हुने तय भएको छ,त्यस लगतै विभिन्न



संघसंस्थाले गर्ने सम्मान कार्यक्रममा सहभागी हुदै छ । तर संयोग उनै संग पराजित नेकपा माओवादी केन्द्रका उम्मेदवार नरेन्द्र साह भने विद्यार्थीहरुलाई कापी र कलम वितरण गर्दै हिडेका छन् ।

साहले साक्षरता अभियान अन्तर्गत 'ईच वान, टिच वान' को नारा सहित आफूले ३ नम्बर निर्वाचन क्षेत्र भरिका मावि तहका विद्यार्थीहरुलाई २ वटा कापी र एउटा कलम वितरण अभियान सूरु गरेको साहले बताए । पहिलो दिन बुधबार बरहथवा स्थित चक्र जनता शहिद गंगा मावि, चक्रघट्टाको औरही स्थित जनता मावि र हेमपुर स्थित मावि गरि ३ वटा विद्यालयमै पुगेर साहले विद्यार्थीलाई कापी र कलम हस्तान्तरण गरेका छन् । क्रमशः क्षेत्र भरी ७५ हजार थान कपी र कलम वितरण गरिने साहले बताए ।

२०७४ सालको प्रतिनिधि एवं प्रदेश सभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर पराजित साह २०७९ मा सत्ता गठबन्धन अन्तर्गत नेकपा माओवादी केन्द्रबाट उम्मेद्वार बनेका थिए । २ पटक चुनावमा पराजित भएपनि संविधान सभा सदस्य साहले समाज सेवाको कामलाई भने निरन्तरता दिँदै आइरहेका छन् । साहले निरन्तर रुपमा आगलागी पीडित, विपन्न परिवार लगायतलाई घर निर्माण देखि न्यानो कपडा, स्वास्थ्य उपचार लगायतमा सहयोग गर्दै आएका छन् । बजारमा सीसी क्यामेरा राख्न होस् वा कोरोनाका बेला माक्स, सेनिटाईजर लगायत स्वास्थ्य सामग्री मात्र हैन अटो सेनिटाईजरिङ हुने मेशिनहरु समेत स्थानीय तहरुलाई साहले उपलब्ध गराएका थिए । उनको अगुवाईमा हिरापुरमा २५ करोड लागतमा धर्मशाला, पार्क र स्टेडियम निर्माणको काम सूरु भएको स्थानीयले बताएका छन् । यो पटक नेकपा एमालेबाट निर्वाचित रक्षा मन्त्री समेत रहेका हरि प्रसाद उप्रेतीसँग थोरै मतले मात्र साह पराजित भएका थिए ।

रक्षामन्त्री उप्रेती अब शुक्रबारसम्म आफ्नो निर्वाचन क्षेत्रमा हुने विभिन्न कार्यक्रममा सरिक हुने छन् ।

# मिथिला कप टि २० प्रतियोगीताको चौथौ संसकरण आयोजा हुने

विनय कर्ण

सप्तरी, १२ माघ । राजविराजमा मिथिला कप टीट्वान्टी क्रिकेट प्रतियोगिताको चौथो संस्करण आयोजना हुने भएको छ ।

युवा शक्ति क्लवले बिहीबार राजविराजमा पत्रकार सम्मेलन गरी माघ १४ गते देखि २६ गते सम्म महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको खेल मैदानमा नक आउट टीट्वान्टी खेलको आयोजना गर्न लागिएको जनाएको छ ।

पत्रकार सम्मेलनमा आयोजक संस्था युवा शक्ति क्लवका अध्यक्ष रविन्द्र यादवले प्रतियोगितामा १६ बटा क्रिकेट टिमले सहभागिता जनाउने बताए । मधेश प्रदेशका जिल्लाहरुबाट १०, प्रदेश नम्बर १ बाट ३, बागमती प्रदेशबाट १ र भारतको सुपौल तथा सहर्षाबाट १/१ वटा टिम सहभागि हुने उनले जानकारी दिए ।

"मधेश प्रदेशको महोत्तरी जिल्ला बाहेक सबै जिल्लाबाट क्रिकेट टिमले सहभागिता जनाउने छन् । प्रदेश नम्बर १ को सुनसरी, मोरंग र झापा तथा भारतको विहार अन्तर्गत पर्ने सुपौल र सहर्षाबाट १/१ वटा टिम गरी जम्मा १६ वटा टिमको सहभागिता रहनेछ" अध्यक्ष यादवले भने, "खेलमा राष्ट्रिय क्रिकेट टिममा खेलाडीहरुको पनि सहभागिता रहनेछ ।"

प्रत्येक टिमले ४ जना सम्म बाहिरको खेलाडी राख्न सकिने व्यवस्था मिलाईएको आयोजक संस्थाले जनाएको छ ।

खेलका मुख्य विजेयता टिमले रु १ लाख र उपविजेता टिमले रु ५० हजार पाउने क्लवका सचिव संजय यादवले बताए । उनले माघ १४ गते प्रमुख अतिथि विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले खेलको उद्घाट्न गर्ने र विशिष्ठ अतिथिको रुपमा क्यानका म्यानेजर एवं पुर्व कप्तान विनोद दासको पनि उपस्थिति रहने जानकारी दिए ।

खेलको लागि मुख्य सहयोगकर्ता विष्णुपुर गाउँपालिका सप्तरी रहेको आयोजक संस्थाका कोषाध्यक्ष नन्दकिशोर गुप्ताले बताए । उनले छिन्नमस्ता गाउँपालिका, रुपनी गाउँपालिका, राजविराज नगरपालिका र बोदे बरसाईन नगरपालिकाले सहयोग गरेको जानकारी दिए ।

"खेलको आयोजनामा करिब रु १५ लाख खर्च हुनेछ, यसका लागि पालिकाहरु सहयोग गरेका छन र अन्य स्पोन्सरहरुले पनि सहयोग गर्ने प्रतिवद्धता जनाएको छ" कोषाध्यक्ष गुप्ताले भने ।

# सप्तरीमा फरार २२ जना प्रतिवादी एकैदिन पक्राउ

विनय कर्ण

सप्तरी, १२ माघ । सप्तरी प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद र जरिवाना तोकिएपछि फरार रहेका २२ जना प्रतिवादीलाई एकैदिन पक्राउ गरेको छ । पक्राउ पर्ने मध्ये १६ जना बन पौदार, ४ जना जालसाज र २ जना लुटपीट मुद्दामा अदालतबाट कैद र जरिवाना तोकिएका फरार प्रतिवादी हुन् । कंचनरुप नगरपालिका वडा नम्बर ११ का १६ जना र अन्य ठाउँका अन्य मुद्दाका ६ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार कंचनरुप नगरपालिकाका ४९ बर्षीय शम्भु चौधरी, ४८ बर्षीय श्रीराम चौधरी र ५१ बर्षीय शान्ति भनिने सन्तु सरदारलाई वन पौदार मुद्दामा पक्राउ गरिएको छ । अदालतले यी तीनै जनालाई रु ५ हजारका दरले जरिवाना र ५ महिना २० दिन कैद तोकिएको छ ।सोही मुद्दामा रु ७३० जरिवाना र ६ महिना कैद तोकिएका सोही ठाउँका ३९ बर्षीय महेन्द्र चौधरी, ५० बर्षीय जुगाई सरदार पनि पक्राउ परेका छन् । कंचनरुप ११ कै ५१ बर्षीय देबु सरदार, ५१ बर्षीय नेमचन चौधरी, ५९ बर्षीय नोथनी सरदार, ६१ बर्षीय बुद्धिलाल सरदार, ४० बर्षीय आशाराम सरदार, रामप्रसाद सरदार, ४९ बर्षीय सित कुमार सरदार, ५९ बर्षीय कारीबहादुर चौधरी, ४० बर्षीय जयराम सरदार र ६७ बर्षीय सुकदेव चौधरी वन पौदार मुद्दामै समातिएको हो ।

यो मुद्दामा सप्तरी जिल्ला अदालतले यी व्यक्तिलाई रु २ हजार जरिवाना र ६ महिना कैद हुने फैसला सुनाएको प्रहरीले जनाएको छ । लुटपिट मुद्दामा कंचनरुप नगरपालिका वाडा नम्बर ११ बाटै दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा ६५ बर्षीय बिनय कुमार चौधरी र ६७ बर्षीय योगेन्द्र चौधरी छन् । दुबैलाई जिल्ला अदालतले लुटपिट मुद्दामा रु १ हजार ९५ जरिवाना गरेको प्रहरीले जनाएको छ । यसैगरी राजगढ गाउँपालिकाबाट जालसाज मुद्दामा अदालतबाट जरिवाना तोकिएका ४ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा गाउँपालिकाको वडा नम्बर ३ बस्ने ५० बर्षीय रामदेव मोची, २९ बर्षीय राजकुमार राम, डिस्को भनिने इनरजित पासवान र बैजनाथ राम छन् । जालसाज मुद्दामा चारै जनालाई अदालतले रु १२५ का दरले जरिवाना गरेको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए ।

# मावि फतुहाको बिधालय भवन मेयर डा. आलमले गरे शिलान्यास



आरके श्रीवास्तव

गरुडा,१२ माघ । रौतहटको राजपुर नगरपालिका वडा नम्बर २ मा रहेको श्री मावि फतुहा महेशपुरमा चार कोठे भवन शिलान्यास भएको छ । विहिवार बसन्त पञ्चमीको पावन अवसर पारेर राष्ट्रपति शैक्षिक तथा भौतिक सुधार कार्यक्रम अन्तर्गत राजपुर नगरपालिकाका नगर प्रमुख डा.राजीक आलम द्वारा शिलान्यास गरिएको हो ।

राजपुर नगरपालिकाले शिक्षा क्षेत्रमा सराहनीय कार्य गर्दै गईरहेको छ ।

सो नगरपालिकाले सामुदायिक बिधालयहरूको भौतिक संरचना सुधार गर्न दह्रो रूपमा अगाडि बढिरहेको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत परेको ४५ लाख रुपैयाँको लागतमा निर्माण गरिने भवनको बिहिवार एक कार्यक्रमका बीच नगर प्रमुख डा.आलमले शिलान्यास गरेका हुन ।

भवन निर्माण भएपछि विद्यार्थीहरुको कक्षाकोठाको अभावमा केही समाधान हुने भएको छ । राजपुरलाई शिक्षाको हब समेत बनाउन शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको नगरप्रमुख आलमले बताएका छन् ।

सो अवसरमा नि. प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुर, बिधालय व्यवस्थापन समितिका अध्यक्ष बाबु राम साह, वडा नम्बर २ का वडा अध्यक्ष सोनालाल पन्डित, वडा प्रत्यासी शेख फजरुल्लाह, शेख अतिउलाह, वडा सदस्य, बि.ब्य.स.का सदस्य, वडा सचिव शेख समिउल्लाह, समाजसेवी शेख असलम, मोजरे आलम, रामबाबु साह, रामदेव पन्डित, शेख हफिज, रामश्रे साह लगायत शिक्षक-शिक्षिका, छात्रछात्रा, स्थानीय भद्रभलादमी, बुद्धिजीवी, शिक्षाप्रेमीहरूको उपस्थिति रहेको थियो ।

# पीडितलाई मिर्चैया नपाको सहयोग

मुकेश कुमार यादव

सिरहा, १२ माघ । सिराहाको मिर्चैया नगरपालिकाले आगोले जलेर घाईते भएकी एकजनालाई उपचारको लागी आर्थिक सहयोग गरेको छ ।

घुरताप्ने क्रममा आगोले जलेकी मिर्चैया नपाकी ४० वर्षिया सुमारी यादवलाई थप उपचारको लागि काठमाडौं पठाइ ५० हजार नगद सहित आर्थिक सहयोग गरेको हो । एक साता अघि घुरताप्ने क्रममा आगलागीबाट घाइते भई मिर्चैया अस्पतालमा उपचाररत न्यून आय भएका यादवलाई नगरपालिकाको सहयोगमा थप उपचारको लागि किर्तिपुर स्थित बर्न अस्पताल लगिएको जनाइएको छ ।

आर्थिक अभावका कारण विशेषज्ञसेवाबाट बञ्जित यादवलाई उपचारको लागि मिर्चैया नगरपालिकाले ५० हजार नगद, किर्तिपुर बर्न अस्पताल पुर्‍याउन निःशुल्क एम्वुलेन्स सेवा दिएको छ भने, मिर्चैया नगरपालि अन्तर्गत स्वास्थ्य शाखा प्रमुख विजय कुमार महतोले २५ हजार नगद सहयोग गरेको जनाएको छ ।

महतोले आफूले खाईपाई आएको तलवबाट निश्चित प्रतिशत रकम सामाजिक सुरक्षामा लगानी गर्दै आएको बताउँदै सोही अनुरुप सहयोग गरेको बताए ।

आगलागीबाट सख्त घाइते यादव आर्थिक अभावकाकारण ३/४ दिन पछिमात्र मिर्चैया अस्पताल आईपुगेका थिए। जलनको उपचारगर्ने पूर्ण व्यवस्था नभएपनि अस्पतालको बुत्ताले भ्याएको उपचार गरिरहेको अस्पतालका मेसु डा.सारीका गोइतले जानकारी दिए ।

उनले भने, 'हामीसँग जलनको उपचार गर्ने सवै उपकरण सहित अन्य व्यवस्थापन छैन, विरामी आर्थिक अभावका कारण अन्यत्र जान नसक्ने भएकाले उपचार गरिरहेका थियौं ।'

आर्थिक अभावका कारण ३/४ दिन घरमै घरेलु उपचारमा रहेका यादव घाउ बढ्दै गएपछि अस्पताल ल्याएका थिए।

यादवको गम्मरदेखी तल्लोभाग जलेर घाउ भएको छ। महगो उपचार विधि र आर्थिक अवस्था कमजोर रहेकाले परिवारले थप उपचारको लागि अन्यत्र लग्न सकिरहेको थिएन ।

# कुलोमा डुबेर सर्लाहीमा एक जनाको मृत्यु

सर्लाही, १२ माघ । सर्लाहीको हरिपूर्वा नगरपालिकामा बिहीबार एक युवकको कुलोमा डुबेर मृत्यु भएको छ ।

हरिपूर्वा नगरपालिका-९, बसन्तपुर पछियारी टोल बस्ने १८ वर्षीय ललन राय यादवको बोरिङबाट सिचाइँ गर्न बनाइएको कुलोमा डुबेर मृत्यु भएको हो । बिहीबार बिहान घर नजिकैको कुलोभित्र युवकलाई मृत अवस्थामा देखेपछि स्थानीयले प्रहरीमा खबर गरेका थिए । घटनास्थलको प्रकृति मुचुल्का गरी मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको प्रहरीले जनाएको छ । स्थानीयका अनुसार मृतक युवकले प्रायः लागूऔषध सेवन गर्ने गर्थे ।

# पुस्तक पढ्ने बानीले जीवनोपयोगी ज्ञानको विकास हुन्छ :मन्त्री उप्रेती



घनश्याम बलम्पाकी

सर्लाही,१२ माघ । पुस्तक पढ्ने बानीले जीवनोपयोगी ज्ञानको विकास हुने रक्षा मन्त्री हरी प्रसाद उप्रेतीले बताएका छन् । बिहिवार सर्लाहीको बागमती नगरपालिका १० मा रहेको साना किसान कृषि सहकारी संस्थाद्वारा संचालित साना किसान सामुदायिक पुस्तकालयको उद्घाटन गर्दै मन्त्री उप्रेतीले फुर्सदका समयमा पुस्तक पढने गर्नाले बाहिरी ज्ञान र जीवनोपयोगी ज्ञानगुणका कुराहरु जानकारी हुने बताएका छन् । उनले कृषि सम्बन्धी पुस्तक रहेकाले यस पुस्तकालयले किसानका लागि अझ उपयोगी र प्रभावकारी हुने बताए । पुस्तकालयमा सहकारी सम्बन्धी पुस्तक, कृषि, पशुपालन, मानव स्वास्थ्य, वातावरण संरक्षण कृषि व्यवसाय, उद्यमशिलता विकास, जैविक मल र बिषादी बनाउने सम्बन्धी पुस्कहरु राखिएको पुस्तकालय ब्यवस्थापन समितिका संयोजक भुवन निरौलाले जानकारी दिए । उनका अनुसार आगामी दिनमा अन्य बिधाका पुस्तक समेत राखिने बताए ।

# सिराहा वन कर्मचारीकै मिलोमतोमा काठ तस्करी

मुकेश कुमार यादब

सिरहा, १२ माघ । सिराहामा सव डिभिजन कार्यालयकै कर्मचारीको मिलोमतोमा काठ तस्करी हुने गरेको स्थानिहरुले आरोप लगाएका छन् । जिल्ला स्थितका डिभिजन वन कार्यालय लहान,र मातहतका सव डिभिजन कार्यलय कर्मचारीको संलग्नतामा व्यापक रुपमा काठ तस्करी भैइरहेको स्थानियहरुले आरोप लगाएका हुन् ।

डिभिजन वन कार्यालयको मातहतमा रहेका सव डिभिजन कार्यालयको कर्मचारीहरुकै मिलोमतोमा यस क्षेत्रबाट व्यापक रुपमा काठ तस्करी गराउने गरेको स्थानियहरु बताउछन् ।

जिल्लाको गोलबजार नगरपालिका ३ जम्दहको चोरपानेबाट दुई ट्र्याक्टरभन्दाबढी अवैध रुपमा तस्करहरुले फडानीगरि राखिएको अवस्थामा खयर जातको काठ बरामद गरेको वन कार्यालय लाहानले जनाएको छ ।ईन्द्रेणी सेवा समाजद्वारा संरक्षित ऐलानी पर्ति जमिनमा लगाइको खयरको रुख तस्करले कटान गरी लुकाएर राखेको अवस्थामा स्थानियले जानकारी गराएपछि काठ नियणन्त्रनमा लिएको हो।

यहाँका समुदायीक वनको काठ सव डिभिजन वन कर्मचारीको सेटिङमै अवैध रुपमा फडानी गरी चोरी निकासि हुने गरेको स्थानिय आन्नद कुमार सुनाउछन् । उनले ' यहाँका रुख फडानी भैरहेको विषयमा स्थानिहरुले सव डिभिजन वन कार्यालयका कर्मचारीला पटक पटक जानकारी गराउदा समेत वेवास्ता गरेको गुनासो पोखे। काठ तस्करी रोक्न प्रहरीलाई समेत जानकारी गराउँदा बेवास्ता गरेको उनको गुनासो छ । काठ तस्करी र नियन्त्रणमा न वनको सक्रियता देखाएको छ ,न प्रहरीले नै , उनले थपे,' नियामक निकायकै मिलेमतोमा काठ तस्करी फस्टाएको छ । वन फडानीबारे जानकारी गराउँदा वनकर्मचारी सुन्दैन । तस्करी भैरहेको जानकारी गराउँदा न वन कर्मचारी वास्ता गर्छन् न प्रहरीले नै उनी भन्छन्,'वन र प्रहरीको मौनताले काठ तस्करीमा उनीहरुको सेटिङ प्रष्ट देखिन्छन् ।'



खवर पाउन साथ डिभिजन वन कार्यालयको टोलिले आजै करिव ७० क्युविफिट काठ बरामद गरेको सिरहाका प्रमुख निमित्त डिभिजनल वन अधिकृत शैलेन्द्र कुमार मिश्रले जनाएको छ । उनले भने, 'बरामद काठ ल्याउने काम भईसकेको छ, फडानी गर्नेको परिचय पनि छिटै खुलिने अधिकृत मिश्रले बताए ।' उनले थपे 'अनुसन्धानकै क्रममा रहेकाले तत्काल सवैकुरा भन्न नसक्ने वन कार्यालय प्रमुख मिश्रले बताए। यता, अवैध रुपमा काठ तस्करी गर्नेको नाम गोलवजार नपा ३ कै दुखि नामले परिचित ज्ञान कुमार साह सुडीरहेको नाम नखोल्ने सर्तमा एक स्थानियले बताए । यस अघिपनि उनले खयरका रुखहरु काटेको विषयमा स्थनीय स्तरमा सचेत गराएपनि एक पटक वन कार्यालयको मिलोमतोमा जङ्गलको काठ फठानी गरि अवैध रुपमा चोरी तस्करी गर्ने गरेको स्थानिहरु बाताउछन् । यस विषयमा सव डिभिजन कार्यालय चोहर्वाका प्रमुख सत्य नारायण यादबसंग बुझ्न खोज्दा सम्पर्क हुन सकेन ।

सम्पादकीय

# महतोको विकल्प कानूको पालना

महोत्तरी निर्वाचन क्षेत्र नम्बर एकबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीलाई गृह मन्त्रालयले गिरफ्तार गर्न मुलुकभर पत्राचार गरेको छ। यता सत्ता पक्षको नेतृत्वकर्ता एमाले भने उनको पक्षमा सडक पर्दशर्नमा उत्रिएको देखिदैंछ र एमालेका जिम्मेवार नेताहरु महतोको पक्षमा व्यक्तव्य जारी गरिहेका छन् । अहिलेको सत्ता निर्माणको समयदेखीनै लक्ष्मी महतो चर्चामा थिए।

प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिँदा उनको पनि हस्ताक्षर सहीत उपस्थिति रहेको संसदमा रेकर्ड छ। जबकी प्रहरीको रेकर्डमा उनी फरार व्यक्ति हुन् । अदालतले थुनामा राखेर अनुसन्धान गर्ने आदेश गरेपछि फरार भएका उनी संघीय निर्वाचन २०७९ मा एमालेका उम्मेदवार बने र निर्वाचित समेत भएका छन्।

एकातिर सत्ताको नेतृत्वकर्ता दल एमाले आफ्नो दलका उम्मेदवारको नाममा प्रतिरक्षामा उभिने अर्को तर्फ गृहमन्त्री भने प्रहरी संयन्त्रले मौखिक आदेश नमानेको व्यहोरा सहीतको पत्रचार गर्दै गिरफ्ताको आदेश गर्ने । सत्ता भित्रको विचित्र खेलको पटाक्षेप कसरी हुने हो ? प्रतिक्षाको विषय बनेको छ अहिलेका लागि। के देखिन्छ भने गृहमन्त्री रवी लामिछाने यस मामलामा सार्वजनिक खपत हुने भाषा र व्यवहार गर्देछन्। यता एमाले खुलेरै लक्ष्मी महतोको पक्षमा उभिएकोमात्र छैन, सडकमै उत्रिएको छ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा अहिले चलिरहेको महतो प्रकरणको विरोधमा हालैमात्र एउटा ऱ्यालीको आयोजना गरियो । मधेश आन्दोलनका नेता दिनेश पूर्वेले ऱ्यालीको नेतृत्व गरेका थिए । एमालेसँग आवद्ध रहेकाहरुको वाहुल्य रहेको ऱ्यालीमा मधेश आन्दोलनको नेतृत्व गर्ने नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो।

ऱ्यालीमा नेपाल सरकार, गृहमन्त्रालय समेतको आलोचना गरिएको थियो ।नियोजित नियत राखेर जनताबाट निर्वाचित प्रतिनिधि विरुद्ध षडयन्त्र भैरहेको आरोप विरोध ऱ्यालीका सहभागिहरुले लगाएका छन्।

२०७२ अशोजमा संविधान जारी हुनुअघि मस्यौदा संविधान सार्वजनिक भएपछि मधेशमा चलेको आन्दोलनको नेतृत्वकर्ता मध्येका हुन् महतो। त्यसबेला उनी तत्कालिन जनता समाजवादीका नेता थिए। मधेश आन्दोलनको क्रममा २०७२ भदौ २५ गते महोत्तरीको जलेश्वरमा सशस्त्र प्रहरी सहायक निरीक्षक (असई) थमन विकको हत्या भएको थियो।

आन्दोलनमा घाइते भएका विकलाई उपचारका लागि अस्पताल लैजादैं गर्दा आन्दोलनकारीले एम्बुलेन्सबाट थुतेर हत्या गरेका थिए। सोही प्रकरणमा महतोको नाम जोडिएको हो। त्यसबेला मानव अधिकारवादी लगायतका संघसंस्थाको दबाव र घटनाको अवस्थाबीच महतो केही समय फरार थिए।

अदालतमा मुद्धा चलेपछि उनी आफै अदालतमा हाजिर भएका थिए र जिल्ला अदालत महोत्तरीले २०७६ असोज २ गते थुनछेक बहसका क्रममा १ लाख धरौटीमा छाड्न आदेश दिएको थियो।

अदालतको आदेश पछि उनी छुटे । तर, जिल्ला अदालतको आदेशप्रति असन्तुष्टि जनाउदैं सरकारी वकिलले उच्च अदालत जनकपुरमा अपिल गरेपछि उच्च अदालत जनकपुरधामले कोइरीलाई पूर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो।

'लक्ष्मी महतो समेत बारदातमा संलग्न रही मृतकलाई कुटपिट गरेको भनी पोल गरेका र मिसिल संलग्न शव परीक्षण प्रतिवेदन समेतका तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी निर्दोष रहेनछन्, अभियोग दाबी बमोजिमको कसूर गरेको रहेनछन् भनी तत्काल प्रमाणबाट भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू,' उच्च अदालत जनकपुरले २०७४ मंसिर १९ मा दिएको आदेशमा भनिएको थियो। उच्च अदालतको पक्राउ आदेशपछि कोइरी फरार भएका हुन्। फरार रहेकै बेला पछिल्लो निर्वाचनमा एमालेबाट टिकट पाएर उनी निर्वाचित भएका हुन। महतो अदालतको आदेश अनुसार फरार व्यक्ति हुन् । कानूनको पालना सबै नागरिकको जिम्मेवारी हो। जनप्रतिनिधि भनेका विधायक हुन्, अर्थात कानून बनाउने जिम्मेवारी प्राप्त व्यत्ति। यस्तो जिम्मेवारीमा रहेका व्यक्ति लुकिलुकी हिड्नूपर्ने अवस्थालाई स्वभाविक मान्न सकिन्न।

उच्च अदालतको फैसला चित्त नबुझ्दा त्यो भन्दा माथिल्लो तहमा मुद्धा लड्न सकिन्छ । अदालतबाटै निर्दोष सावित हुने अवस्था पनि नभएको होइन । अहिलेको अवस्थामा महतोले न सांसदको भूमिका निर्वाह गर्नसक्छन्, नत कुनै सरकारी निर्णयले अदालतको आदेश उल्टाउन सक्ने अवस्थानै छ । अदालतको आदेशको पालना गर्दै थप कानूनी उपचारको लिनुनै राजनीतिक र व्यवहारिक दुबै दृष्टिकोणले उचित विकल्प हुनसक्छ।

# आशंका र अविश्वासको सम्बन्ध

*ओली र दाहालवीच एकता र मिलाप भन्दा एक अर्का प्रति आशंका नै बढी देखिन्छ। विगतमा ओलीले पूर्व सहमती अनुसार एक व्यक्ति एक पदको शर्तको पालना पनि गरेका थिएनन्। उनले प्रचण्डलाई पार्टीको बागडोर नै सुम्पेका थिए, नत प्रधानमन्त्रीको पद नै हस्तान्तरण गरेका थिए।*



– श्रीमन नारायण

राजनीति भनेको संम्भावना खेल हो । यसमा न कोही, कसैको स्थायी मित्र हुन्छ न त कोही कसैको स्थायी शत्रु नै । गत मंसिर ४ मा सम्पन्न निर्वाचन पछि दोस्रो दलको हैसियतमा खुम्चिए पछि नेकपा एमाले अध्यक्ष के।पी शर्मा ओली सत्ता राजनीतिमा आफ्नो सक्रिय भूमिकाको निर्वाह गर्न जसरी भए पनि नेकपा माओवानी केन्द्रको समर्थन लिनु र दिनुलाई अपरिहार्य ठाने । जसरी भएपनि प्रधानमन्त्री नै बन्ने लक्ष्य बनाएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डलाई नेकपा एमालेको सहयोग र समर्थन लिन संकोच भएन । शायद त्यहीँ भएर चुनावी गठबन्धनका सहयात्रीहरु नेपाली काग्रेस, नेकपा एकिकृत समाजवादी, लोकतान्त्रिक समाजवादी र जनमोर्चासित आवश्यक सुझाव र सल्लाह विना नै उनले एमालेको सहयोग र समर्थनमा सरकारको नेतृत्व लिने विषयमा सम्झौता गरे।

नाटकीय रुपमा भएको यस सत्ता परिवर्तनले कतिपय राजनितिक विश्लेषकहरुलाई पनि अचम्मित बनाउने काम गर्यो । विगत दुई पटकसम्म नेकपा एमालेका अध्यक्ष के।पी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउनमा सहयोग गरेका प्रचण्डले दुवै पटक ओलीलाई प्रधानमन्त्रीको पदवाट च्युत गराउनमा पनि ठूलो भूमिकाको नै निर्वाह गरेका थिए। आफूले दुई(दुई पटक उधारोमा प्रधानमन्त्री बनाएको प्रचन्डले उनै के।पी ओलीवाट यसपाली नगदमा प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरेका हुन्।

एउटै गठबन्धनमा रहेर सवै जसो मुख्य पदको नेतृत्व हात पारिसक्दा पनि ओली र दाहालविच एक अर्काप्रति अविश्वास र शंका कायमै छ । खास गरी प्रतिनिधिसभामा नेकपा एमालेका अध्यक्ष के।पी शर्मा ओलीद्धारा विश्वास मतको प्रस्तावलाई समर्थन गर्दा व्यक्त गरिएका आक्षेपपूर्ण मन्तव्य र विगतका दिनमा राष्ट्रपतीवाट निर्वाह गरिएको भूमिकाले पनि उनलाई सशंकित बनाएको हुन सक्दछ।

सभामुखको पदमा नेकपा एमालेका सासंद निर्वाचित भएपछि राष्ट्रपतिको पदमा एमाले पृष्ठभूमि बाहेकका कोही आउन भन्ने उनको चाहना हुन सक्दछ। शक्ति सन्तुलनको हिसाबले पनि प्रधानमन्त्रीलाई यस्तो आवश्यक्ता महसुस भएको हुनसक्दछ । राष्ट्रपति निर्वाचन पछि राज्य संचालनमा ओली हावी हुनसक्ने डर प्रधानमन्त्री दाहाललाई अवश्य पनि छ । राष्ट्रपति पदको निर्वाचन परिणामले पनि सत्ताधारी गठबन्धनको सहयात्राको भविष्यलाई निर्धारण गर्ने छ।

प्रतिनिधी सभाको सभामुख, चार प्रदेसमा मुख्यमन्त्री दुई प्रदेसमा सभामुख लगायत पदमा एमालेका प्रतिनिधि निर्वाचित भईसकेका हुन। संघीय सरकारमा परराष्ट्, रक्षा र अर्थ मन्त्रालय जस्ता महत्वपूर्ण मन्त्रालयहरु एमाले कै कोटामा परेको छ। प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्ष पनि एमालेकै विश्वासपात्र हुन्।

संवैधानिक निकायहरुमा पनि ओलीले अध्यादेश मार्फत नियुत्त गरेका पदाधिकारी कार्यरत छन । अहिले भएका सहमती अनुसार साढे दुई वर्ष पछि सरकारको नेतृत्व पनि एमालेले नै गर्नेछ। यस्तोमा राष्ट्रपतिको पद अति नै महत्वपूर्ण हुन जान्छ फेरी विगतको कटु अनुभव पनि छदैंछ। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड तेस्रो पटक प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरेका हुन् । प्रतिनिधिसभामा ३२ सिट प्राप्त गरेको यस पार्टीले बाहिरबाट १ सय छ जना सांसदहरुको समर्थनमा निर्भर रहनुको विकल्पप छैन।

प्रचण्ड सरकारको स्थायित्वको साँचो नेकपा एमालेका अध्यक्ष के।पी शर्मा ओलीको हात्तमा रहेको छ। हुनत यस सरकारलाई प्रतिनिधिसभाका ९८ प्रतिशत सांसदहरुको समर्थन रहेको छ तर मोटो हुनु र स्वस्थ रहनमा तात्विक अन्तर त हुन्छ नै । नेकपा माओवादी केन्द्र र नेकपा एमालेका अध्यक्ष के।पी शर्मा ओलीबीच कहिल्यै राम्रो सम्बन्ध रहेन । माओवादीको एक दशक लामो सशस्त्र संघर्ष र तत पश्चातका दिनमा पनि ओलीनै माओवादीका सर्वाधिक आलोचक मानिन्थे। संविधानसभा मार्फत देशको संविधान जारी भएपछि नेकपा एमालेका अध्यक्ष के।पी शर्मा ओलीलाई प्रधानमन्त्री बन्नमा नेकपा माओवादी केन्द्रले सहयोग एंव समर्थन गरेको थियो । शर्त अनुसार चुनावी वर्षमा सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डलाई हस्तान्तर गर्नुपर्ने थियो। तर ओलीले मानेनन्, पुर्वमा भएका सहमती प्रति आफ्नो अनभिज्ञता जनाए अथवा त्यसको औचित्य नरहेको जवाफ दिए। बाध्य भएर प्रचण्डले ओलीलाई पदच्यूत गराई नेपाली कांग्रेसको समर्थनवाट आफै प्रधानमन्त्री बन्न पुगे । पुर्व शर्त अनुसार चुनावको समयमा नेपाली कांग्रेसलाई सरकारको नेतृत्व गर्न समर्थन दिने काम पनि प्रचण्डले गरे ।यो बेग्लै कुरा हो कि २०७४ को चुनावमा नेकपा माओवादी केन्द्रले आफ्नो सत्ता साझेदार नेपाली कांग्रेससित गठबन्धन विच्छेद गरी बाम गठबन्धनमा सहभागी हुन पुग्यो। २०७४ को आमनिर्वाचनमा बामगठबन्धनले राम्रो प्रर्दशन गरी झण्डै दुई तिहाई सम्मको जनादेश हासिल गर्यो ।सत्ताको बाँडफाटमा सहमती भए पछि नेकपा एमालेका अध्यक्ष के।पी।शर्मा ओली प्रधानमन्त्री पनि बने । चुनाव ताकाको बामगठबन्धनलाई एउटै पार्टी बनाउने काम पनि भयो । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकिकरण भई नेकपाको गठन पनि भयो तर नेपालका कम्युनिष्ट पार्टीको ७२ वर्षको इतिहासमा ७३ वटा कम्युनिष्ट पार्टीको गठन भईसकेको तीतो यथार्थको एउटा उदाहरण यहाँ पनि भेटियो र नेकपा विभाजित हुन वेर लागेन । २०७६ जेठमा तत्कालीन नेकपा अध्यक्ष तथा प्रधानमन्त्री के।पी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहालबीच सत्ता बाडफाँट सम्बन्धमा एक वर्ष अघि भएको गोप्य सम्झौता सन्चार माध्यममा चुहिएपछि सुरु भएको अविश्वास पार्टी विभाजनको प्रस्थान विन्दु बनेको थियो।

गत पुस १० मा नयाँ सरकार गठनका लागी ओली र दाहाल त्यही विन्दूमा आईपुगेका हुन । तर उनीहरु वीच तीन वर्ष अघिको जस्तै अविश्वास र आशंका रहेको छ । ओली र दाहालविच आधा कार्यकाल वाँड्ने सम्झौता चुहिए पछि सुरु भएको आशंकाको यात्रा २०७७ फागुन २३ मा पूर्ण विराम लागेको थियो।

नेपालका कम्युनिष्टहरु एकअर्का सित मिलेर बस्दा प्रशंसा गर्नमा शब्दकोषका जति राम्राराम्रा शब्दहरुको प्रयोग गर्दछन् र पार्टी विभाजनका वखत आरोप लगाउँदा अथवा सराप्दा शब्दकोषका त्यतिनै निकृष्टतम

*“राष्ट्रपतिमा एमालेका समर्थक निर्वाचित हुने वितिकै केपी शर्मा ओलीले आफ्नो राजनीतिक महत्वाकांक्षा पुरागर्न प्रचण्ड सरकारलाई अस्थिर बनाउन खोज्ने ठम्याई माओवादीका कतिपय नेताहरुको रहेको छ। सन्तुलनका लागी नै प्रचण्डले कांग्रेससित पनि समझदारीको सम्बन्ध बनाएका हुनसक्दछन। राष्ट्रपतिमा राष्ट्रिय सहमतीको सहजकर्ता बन्न चाहेको सम्बन्धित प्रचण्डको अवधारणाले एमालेलाई पनि सशंकित बनाएको छ। एमालेकै उम्मेदवार राष्ट्रिय सहमतीको उम्मेदवार हुने ओलीको अवधारणाले सत्ताधारी गठबन्धनमा सबै थोक सामान्य नरहेको संकेत गर्दछ।*

- बाँकी पृष्ठ ६ मा

# कानुनी राजः हाम्रा लागि सपनाका कुरा

*संसारका सर्वशक्तिमान राष्ट्रपति जो बाइडेन। अमेरिकी राष्ट्रपति किन सर्वशक्तिमान छन भने उनको मुलुकमा कानुन सर्वशक्तिमान छ र सर्वशक्तिमान कानुन अनुसार चल्ने राज्य अङ्गहरूको नेतृत्व उनले गर्दछन्।*



– केशवप्रसाद ट्टराई



अक्टोबर २०१३ मा अन्तर्राष्ट्रिय कुटनीतिमा आफूले पुर्याएको योगद(ानका लागि आफूलाई प्रदान गरिएको एउटा प्रतिष्ठित पुरस्कार ग्रहण गर्न पूर्व अमेरिकी विदेश मन्त्री हिल(ारी क्लिन्टन बेलायत गएकी थिइन, त्यसै बखत पार्किङ् नियम उल्लङ्घन गरे वापत ब्रिटिस प्रहरीले हिलारी क्लिन्टनलाई ४० पाउण्ड जरिवाना तिरायो । क्लिन्टनले आफ्नो क्रेडिट कार्डåfरा सो रकम तिरिन।

स्मरण रहोस, क्लिन्टनका सहयोगी र सुरक्षा अधिकारीले प्रहरीलाई उनी ब्रिटिश सरकारकी विशिष्ट अतिथि र अमेरिकी विदेश मन्त्री भएको बताएर जरिवाना न लगाउन अनुनय (विनय र एक किसिमले चेतावनी पनि दिए तर ती ब्रिटिश प्रहरी अधिकारीले भने मलाई मेरो देशको कानुन पालना गराउने जिम्मेवारी राज्यले दिएको छ। प्रहरी अधिकारीले थप के पनि सम्झ(ाए भने बेलायतमा कानुनले सवैलाई बराबर मान्दछ। त्यसैले कसको व्यक्तिगत स्तर र मर्यादा कस्तो छ ? विश्व राजनीतिमा उसको स्थान के छ ? भन्ने कुरालाई कानुनले हेर्दैन र हिलारी क्लिन्टनले उक्त कुरा राम्ररी बुझ्नु हुन्छ। त्यो भयो पूर्व अमेरिकी विदेश मन्त्रीलाई जरिवाना तिराएको कुरो।

ब्रिटिश प्रहरीले आफ्नै प्रधानमन्त्री बोरिस जोनसन र उनका अर्थमन्त्री ऋषि सुनक 'हाल प्रधान मन्त्री'लाई कोरोना र लकडाउनको प्रोटोकल उल्लङ्घन गरेर प्रधान मन्त्रीकै नि(वासमा जन्मदिन समारोह मनाएको भनेर २०२०मा जरिवाना तिराएको थियो। प्रधानमन्त्री, अर्थमन्त्री आदिले सार्वजनिक रूपमै क्षमा मागेर जरिवाना तिरेका थिए।

हालै ब्रिटिस प्राधनमन्त्री ऋषि सुनकले गाडीमा सिट बेल्ट नलगाई यात्रा गरेछन - ब्रिटिस प्रहरीले उनलाई जरिवाना तिरायो र प्रधानमन्त्रीले माफी मागे।

संसारका सर्वशक्तिमान राष्ट्रपति जो बाइडेन। अमेरिकी राष्ट्रपति किन सर्व(शक्तिमान छन भने उनको मुलुकमा कानुन सर्वशक्तिमान छ र सर्व(शक्तिमान कानुन अनुसार चल्ने राज्य अङ्गहरूको नेतृत्व उनले गर्दछन ।

स्वयं राष्ट्रपतिमाथि छानबिन गर्ने हैसियत र क्षमता त्यहाँका कानुनी संरचनाहरूले राख्दछन । जस्तो - गोपनीय सरकारी कागजात आफ्नो निजी घरमा राखेको अभियोगमा अमेरिकी राष्ट्रपतिको निजी निवासमा अमेरिकी न्याय मन्त्रालय र सङ्घीय अनुसन्धान विभागले छापा मार्यो र १३ घण्टा सम्म खानतलाश गर्यो।

को पदमा कसरी आउँछ भन्ने कुराले मात्रै प्रजातन्त्रलाई परिचय दिँदैन, को पदबाट कसरी जान्छ भन्ने सवाल उत्तिकै महत्वपूर्ण छ। अर्को शब्दमा भन्दा प्रजातन्त्रको सफलता र प्रभावकारिताका लागि राजनीतिक नेतृत्वको स्वैच्छिक र सम्मानजनक वहिर्गमन पनि त्यत्तिकै आवश्यक हुन्छ।

त्यसले प्रजातन्त्र कसरी चलेको छ भन्ने बुझाउन मद्दत गर्छ। जस्तो( सन् २०१७ मा ३७ वर्षको उमेरमा जेसिका आर्डेर्न न्युजिल्याण्डको प्रधानमन्त्री भइन । प्रधानमन्त्रीको रूपमा यति महत्वपूर्ण र विशिष्ट जिम्मेवारीको पदमा रहिरहन आफूसँग कुनै नयाँ नीति र कार्यक्रम नभएकोले पदमा रहिरहने आवश्यकता नदेखेकोले पद त्याग गर्ने निर्णय गरेको उनले बत(ाइन। ४२ वर्ष कै उमेरमा उनले त्यो निर्णय गरिन ।

केही महिना अघि मात्रको अर्को उद(ाहरण छ (ट्याक्स घटाउने, अर्थतन्त्रमा सुधार गरेर ठूलो आर्थिक वृद्धि हाँसिल गर्ने र ब्रेग्जिटबाट प्राप्तहुने लाभहरू मुलुकलाई उपलव्ध गराउने आफ्नो पाटीको म्यान्डेट लिएर प्रधानमन्त्री भएको तर विद्यमान परिस्थितिमा पार्टीले आफूलाई दिएको सो म्याण्डेट अनुरूपका लक्ष प्राप्त गर्न नसकिने लागेकोले आफूले प्रधानमन्त्रीको पदबाट राजिनामा दिने कुरा राजा(लाई जानकारी गराएको सार्वजनिक जानकारी गराएर ब्रिटिस प्रधानमन्त्री लिज ट्रस राजा समक्ष राजिनामा दिन गएकी थिइन उनले हनिमुन पिरियड पनि मागिनन् ,४४ दिनमात्रै पदमा रहेर बिदा भइन । कसैलाई दोष दिइनन् राजनीतिक आत्मरक्षाकोलागि कुनै तर्क, वितर्क वा कुतर्क नगरी सरक्क पद छोडेर हिडिन।

भारतीय प्रधानमन्त्री नेहरू र उनका विदेश सचिवको एउटा सन्दर्भ यहाँ उल्लेखनीय छ। प्रजातन्त्र भनेको सँस्थाहरूको सँस्था हो। प्रजातन्त्रमा शासन नै सँस्थाहरूले गर्दछन् देश तिनले चलाउँछन राष्ट्रपति , प्रधान मन्त्री, मन्त्री परिषदले शासन गर्दैनन् , उनीहरूले कानुन बनाउने, विधि र पद्धति निर्माण गर्ने काममा संसदलाई सहयोग गर्दछन नीति निर्माण गर्दछन् । शासन त प्रहरी, निजामती प्रशासन र अन्य राज्य निकायले गर्ने हो।

यसलाई यसरी स्पष्ट पारौं - एउटा सन्दर्भमा भारतीय निजामती सेवाका सचिव र कूटनीतिज्ञ गिरिजाशङ्कर

- बाँकी पृष्ठ ६ मा

# धनुषामा एकैदिन पौने दुई मोटरसाइकल नियन्त्रणमा



मधेशदृष्टि
जनकपुरधाम, १२ माघ । ट्राफिक नियम पालना नगरेको भन्दै सरस्वती पूजाको दिन धनुषा प्रहरीले करीब पौने दुई सय मोटरसाइकल सहित चालकलाई नियन्त्रणमा लिएको छ । धनुषा जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालयले सुरु गरेको सप्ताहव्यापी अभियानको पहिलो दिन बिहिवार १ सय ६४ वटा मोटरसाइकल र १ सय २७ जना चालकहरुलाई नियन्त्रणमा लिइएको हो । सवारी चलाउने बेलामा अनिवार्य राख्नु पर्ने कागजातहरु लाइसेन्स, बिलबुक सहितका नबोकेको सवारी चालकहरुलाई पक्राउ गरिएको छ । त्यसैगरि भिडभाडमा तीव्रगतिमा गाडी चलाउने, हेलमेट नलगाउने, मोटरसाइकलमा दुईजना भन्दा बढि सवार भएको सहितको ट्राफिक नियम विपरीत काम गर्नेहरुलाई नियन्त्रणमा लिएको छ । बिहिवार पक्राउ पर्नेहरुमा अधिकांश किशोर, युवा तथा विद्यार्थीहरु रहेका छन् । चालकले गरेको कसुर नुसारको जरिवाना लिएर सवारी साधन अभिभावकलाई जिम्मा लगाइने समेत धनुषा प्रहरीले जनाएको छ ।

# सरस्वती पुजाको उपलक्ष्यमा पुलीस स्कुलद्वारा विभिन्न कार्यक्रम



आरके श्रीवास्तव
गरुडा,१२ माघ । सरस्वती पुजाको अवसरमा नेपाल पुलिस स्कूल बसबिट्टी जिगडियाले विभिन्न कार्यक्रमको आयोजना गरेको छ। संघिय प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरिक्षक ध्रुव राज राउतको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको प्रिन्सिपल विणा झाले बताइन् ।

सर्वप्रथम विधालय परिसरमा स्थापित सरस्वती मन्दिरमा विधिपुर्वक पुजा तथा प्रसाद वितरण गरिएको उनले बताइन् । पुजा लगत्तै मञ्चको कार्यक्रम गरिएको थियो । सो कार्यक्रम लाई वरिष्ठ प्रहरी उपरीक्षक राउतले पानसमा दिप प्रज्वलन गरि उदघाटन गर्नु भएको थियो ।

सो अवसरमा नेपाल पत्रकार महासंघ रौतहट सभापती प्रेमचन्द्र झा ,जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक उमाशंकर यादव , ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक बरुण बहादुर सिंह , प्रहरी स्कुलका कमान्डेन्ट प्रहरी निरिक्षक लोकेन्द्र जिसीको मुख्य उपस्थितिमा भएको कार्यक्रममा प्रिन्सिपल झाले विधालयको अवस्था तथा भावि कार्यक्रम वारे जानकारी गराउनु भएको थियो । स्कुलले संचालन गरेका वार्षिक परीक्षा तथा गित नृत्य र विभिन्न खेलकुदमा विजयी विधार्थीलाई कार्यक्रमका अतिथिहरुले पुरस्कार वितरण गर्नु भएको थियो । साथै उत्कृष्ट काम गरेका शिक्षक , कर्मचारी लाई पनि सम्मान गरिएको थियो ।

सो कार्यक्रममा विधार्थी , शिक्षक, अभिभावक तथा जनप्रतिनिधिको सहभागीता रहेको थियो । साथै सो अवसरमा वृक्षारोपण पनि गरिएको थियो ।

# महोत्तरीमा छुट्टाछुट्टै दुर्घटनामा परी दुईको मृत्यु, २८ घाइते

जलेश्वर, १२ माघ
महोत्तरी जिल्लाको छुट्टाछुट्टै स्थानमा आज भएको दुईवटा सडक दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलका अनुसार मृत्यु हुनेमा जिल्लाको औरही नगरपालिका-२ बस्ने ६० वर्षीय गोगाई ठाकुर लोहार र नाम, थर, वतन नखुलेको अन्दाजी ५० वर्षीया एक महिलाको सडक दुर्घटनामा परी मृत्यु भएको हो ।

लोहारलाई औरही नपा-२ स्थित सडकमा पैदल हिँड्दै गरेको अवस्थामा सर्लाही जिल्लाको बरहथवा नगरपालिका-३ बस्ने रोशनलाल महतोको ना३७प ७२३१ नंको मोटरसाइकलले ठक्कर दिँदा मृत्यु भएको हो । त्यसैगरी विहिवारनै सिन्धुली जिल्लाको लङ्गुरखोला महादेवको दर्शन गरेर फर्किँदै गरेको प्रदेश२-०२-००१त २२६४ नंको ट्र्याक्टर बर्दिबास नगरपालिका-३ स्थित पाटुमोडमा आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा नाम, थर, वतन नखुलेको ५० वर्षीया महिलाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक पोखरेलले बताए ।

सो दुर्घटनामा परेर अन्य २८ यात्रु घाइते भएका छन् । घाइतेमध्ये १२ जनाको उपचार बर्दिबासस्थित जनसेवा अस्पताल, नौको साइमल्टी स्पेस्लिटी अस्पताल र सात जनाको उपचार शुभस्वस्तिक अस्पताल बर्दिबासमा भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी घाइते भएका यात्रुहरू महोत्तरी, धनुषा र केही भारतीय रहेको बताइएको छ ।रासस

## मधेशमा डेढ लाख .................

बताएका छन् । 'इमिस भन्ने सफ्टवेयरमा जन्मदर्तासहितको अपडेट गर्न सरकारले अनिवार्य गरेको छ, जसका कारण कतिपय बालबालिकालाई समस्या छ,' उनले भने । मधेस प्रदेशको आवधिक योजना (२०७७-२०८२) का अनुसार प्रदेशमा ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या ६ लाख १९ हजार ३८४ छ । जसमध्ये जन्मदर्ता गर्नुपर्छ भन्ने डोम, मुसहर सहितका दलितलाई नागरिकता नभएको कारण जन्मदर्ता बनाउन सकेको छैन । तथ्याङ्कअनुसार डोम समुदायको जनसङ्ख्या मात्र ९ हजार ६२१ छ । त्यस्तै डोम समुदाय जस्तै पिछडिएको हलखोर समुदायको जनसङ्ख्या ३ हजार ६२२ छ ।

मधेसमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७८ को तथ्याङ्कअनुसार ४ हजार ९७७ सामुदायिक विद्यालय, ६५१ वटा प्रारम्भिक बालविकास केन्द्र, ३ हजार ७८५ आधारभूत विद्यालय, १ हजार ८५० वटा ६-८ विद्यालय र १ हजार ४५८ वटा माध्यमिक विद्यालय छन् । कुल भर्नादर ५४ दशमलव ७१ प्रतिशत मात्र रहेको मधेसमा बालबालिकाको भर्नादर निकै कम छ । स्थानीय तहमा समेत मधेसमा बालबालिका किन विद्यालयबाहिर छन्, कति सङ्ख्यामा बाहिर छन् भन्ने यकिन तथ्याङ्क छैन ।

## कानुनी राजः हाम्रा लागि..........

बाजपेयीले त्यस बखतका सर्वशक्तिमान प्रधानमन्त्री जवाहरलाल नेहरूको आदेश अनुरूप काम गरेनन्, नेहरू उनकै कार्यकक्षमा गए र आफ्नो असन्तुष्टि व्यक्त गरे।

अनि बाजपेयीले भने श्रीमा( न हामी आदेश होइन कानुन (Rule) पालना गर्दछौँ । स्मरण रहोस रूल (Rule) भनेको शासन संचालनका लागि निर्धारित नियम, कानुन, सिद्धान्त, विधि र प्रक्रिया समेत हो। अनि नेहरूले भने "It's me who make the rules" अर्थात कानुन बन( ाउने भनेकै म हो, म कानुन बनाउँछु ।

अनि बाजपेयीले फेरी भने Sir, you make the rules, but we rule श्रीमान् तपाईंहरू कानुन बनाउनु हुन्छ तर शासन हामी गर्छौं।

बाजपेयीको व्यक्तित्वको परिचय दिने यो सन्दर्भ पनि हेरौं (जवाहरलाल नेहरूले स्वतन्त्र भारतको प्रधानमन्त्री पदको शपथ लिए, तर उनका लागि निर्धारण गरिएको कक्ष विदेश मन्त्रालयका प्रमुख सचिव अर्थात सेक्रेटरी जनरल सर गिरिजाशङ्कर बाजपेयीको कार्यकक्ष थियो।

वाजपेयीको कार्यकक्ष रहेको साउथ ब्लकको उक्त भवन र कार्यकक्ष ठूलो थियो, सुन्दर र आकर्षक थियो (त्यसैले स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्रील( ाई त्यो भवन र त्यो कार्यकक्ष रोजिएको थियो । बाजपेयी( लाई अर्कोकार्यकक्ष व्यवस्थ( ापन गरेर प्रधानमन्त्रीलाई सो कार्यकक्ष उपलब्ध गराउन केही दिन आवश्यक थियो र सरकारी अधिकारीहरू र प्रधा( नमन्त्रीका सहयोगीहरूले डराई डराई सकोचपूर्वक नेहरूलाई सो बताए।

नेहरूले हत्त न पत्त भने - भो भो त्यो कक्षमा उहाँ नै बस्नुहुन्छ, मलाई अन्यत्रै कतै व्यवस्थापन गरे हुन्छ।' अनि साउथ ब्लकको अर्को भवनको एउटा सानो कक्षलाई नेहरूले आफ्नो कक्ष बनाए।

गिरिजाशङ्कर बाजपेयी असा( धारण क्षमताका व्यक्ति थिए। विश्व राजनीतिका महा पण्डित नै थिए। भारतका कुनै पनि प्रशासक र राजनीतिज्ञ उनीसँग दच्किने (हच्किने गर्दथे। स्वयम नेहरू उनीसँग धक मान्थे र उनको अगाडि आफूलाई सामान्य राख्न उनी प्रयास गर्दथे।

असाधारण ज्ञान, अनुभव, नेतृत्व र निर्णय क्षमताका कारण हरेक महत्वपूर्ण विष( ायमा नेहरू उनकै परामर्श माग्दथे र त्यसलाई अनुमोदन गर्दथे। बाजपेयीको स्वास्थ्यले अनुमति नदिएकोले उनलाई विदेश मन्त्रालयको सचिवबाट तत्कालीन बम्बैको राज्यपाल बनाइएको थियो र १९५४मा उनको निधन पनि भयो।

के पनि बुझौं भने नेपालको सवालमा मोहन समशेर, राजा त्रिभुवन, सात साल लगत्तैको अवधिमा मातृकाप्रसाद र वीप( ीदेखि लिएर सिक्किम, भुटान चीन र पाकिस्तानका सवा( लहरूमा नेहरूका निर्णयह( रूमा बाजपेयीको छाप थियो। काश्मिरको सवालमा भने नेहरूले बाजपेयी, सरदार पटेल, मेहरचन्द महाजन, भी पी मेननहरूका कुरा सुनेनन र त्यसैले नै काश्मिरमाथि पाकिस्तानको आक्रमणको सि( थति निर्माण भएको इतिहासले बताउँछ।

भारतीय सेनाले उक्त आक्रमणमा पाकिस्तानलाई पराजित गरेर सिङ्गो काश्मिरलाई भारतको नियन्त्रणमा लिने सुनिश्चितता थियो तर पनि नेहरूले भारतीय सेनालाई युद्ध रोक्न आदेश दिएकाले काश्मिर विभाजित भएको बत( ाउने धेरै भारतीय विज्ञ छन्न् । बाजपेयीको टक्करका विदेश सचिव झन्डै भारतले नपा( एको विज्ञहरू बताउने गर्दछन् । श्रोतः आइएनएस (स्वतन्त्र समाचार)

## दिलिप हत्या मुद्दा तत्कालिन............................

हालसम्म २० वटा पेशी चढिसकेको छ । तर मुद्दा किनारा लाग्न नसक्दा मुद्दा लम्बिँदै गएको छ ।

न्यायकालागि दिलीपको बुबा रामजीवन महतोसहित परिवारजन तीन वर्षदेखि अदालत धाउँदै आएका छन् । तर दश पटकभन्दा बढी उनको पेशी स्थगित भइसकेको छ । पेशी स्थगित हुँदा उनको घरपरिवार निराश बन्दै गएका छन् ।

हत्या आरोपमा धनुषा प्रहरीले क्रसर सञ्चालक विपिन महतोसहित सात जनालाई पक्राउ गरेको थियो । पक्राउ परेको मध्ये रोशन कुमार यादव, विनोद महतो, सत्यनारायण महतो र शत्रुधन महतो धरौटी रकम बुझाएर चार जना रिहा भइसकेका छन् । उनीहरु अहिले तारेखमा छन् ।

मुनिन्द्र महतो, विपिन महतो र जितेन्द्र महतो पुर्पक्षको लागि थुनामा छन् । जाहेरीवलाको वकिलले आरोपितहरुमाथि जन्मकैदको सजाय र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने दाबी गरेका छन् । दिलीपलाई ०७६ पुस २५ गते चुरियामाई बालुवा प्रशोधन क्रसर उद्योगमा आवद्ध व्यक्तिहरुले औरही खोलामा हत्या गरेको आरोप छ ।

## आशंका र अविश्वासको ................................

शब्द र गालीहरुको प्रयोग गर्नमा पनि कन्जुस्याई गर्दैनन् । दुवै पक्षविच बढेको शंका, दाहाल सहित तत्कालीन सचिवालयका बहुमत सदस्यले ओलीमाथी लगाएको १९ पृष्ठ लामो आरोप र ओलीको३८ पृष्ठ लामो जवाफसंगै नेकपा विवाद उत्कर्षमा पुगेको थियो । नेकपा भित्रको विवादले२०७७ पुस ५ मा संसद विघटनमा मात्रै पुर्याएन, फागुन २३ मा सर्वोच्च अदालतको फैसला मार्फत पार्टी विभाजन समेत भएको थियो । यस विभाजनबाट हानी दुवै पक्षलाई हुन पुगेको थियो । नेकपा माओवादी केन्द्रका प्रभावशाली नेताहरु रामबहादुर थापा बादल, लेखराज भट्ट र प्रभु साहहरु नेकपा एमाले मै बस्न मन पराए जवकि नेपाली कांग्रससित सत्ता गठबन्धन गरेको नेकपा माओवादी केन्द्रले पनि एमालेलाई ठूलै क्षति नै पुर्याउने काम गर्यो । एकातिर नेकपा एमाले विभाजित हनुपुग्यो र माधव कुमार नेपालको नेतृत्वमा नेकपा एकीकृत समाजवादीको गठन भयो भने अर्को तिर नेकपा एमालेले नेतृत्व गर्दै आएको प्रादेसिक सरकारहरु पनि उसको हातवाट फुत्किन गयो । २०७४मा चुनावी गठबन्धन, त्यसपछि एकता, आन्तरिक विवाद हुदैं पार्टी विभाजनको तहमा पुगेपछि ओली र दाहालले एक अर्का विरुद्ध तिक्तता पूर्ण टिप्पणी गर्दै आएका थिए ।

ओली र दाहालवीच एकता र मिलाप भन्दा एक अर्का प्रति आशंका नै बढी देखिन्छ । विगतमा ओलीले पूर्व सहमती अनुसार एक व्यक्ति एक पदको शर्तको पालना पनि गरेका थिएनन् । उनले प्रचण्डलाई पार्टीको बागडोर नै सुम्पेका थिए, नत प्रधानमन्त्रीको पद नै हस्तान्तरण गरेका थिए । नेकपा एमाले र नेकपा माओवादी केन्द्रवीच पार्टी एकीकरण होस भन्ने चाहना अहिले पनि माओवादीका धेरै नेताहरुको रहेको पाइन्छ तर ओली प्रति उनीहरु विश्वस्त हुनसकिरहेका छैनन् । राष्ट्रपतिमा एमालेका समर्थक निर्वाचित हुने वितिकै केपी शर्मा ओलीले आफ्नो राजनीतिक महत्वाकांक्षा पुरागर्न प्रचण्ड सरकारलाई अस्थिर बनाउन खोज्ने ठम्याई माओवादीका कतिपय नेताहरुको रहेको छ । सन्तुलनका लागी नै प्रचण्डले कांग्रेससित पनि समझदारीको सम्बन्ध बनाएका हुनसक्दछन । राष्ट्रपतिमा राष्ट्रिय सहमतीको सहजकर्ता बन्न चाहेको सम्बन्धित प्रचण्डको अवधारणाले एमालेलाई पनि सशंकित बनाएको छ । एमालेकै उम्मेदवार राष्ट्रिय सहमतीको उम्मेदवार हुने ओलीको अवधारणाले सत्ताधारी गठबन्धनमा सबै थोक सामान्य नरहेको संकेत गर्दछ । यहाँनिर विष्णु शर्माको प्रसिद्ध पंचतन्त्रमा वर्णित स्याल र बकुल्लको मित्रता र आतिथ्य पनि स्मरण योग्य रहेको छ । २०७४ सालमा एमाले र माओवादी मिलेर जाँदा दुबै दलले मिलेर ६ वटा प्रादेसिक सरकार बनाउन सफल भएको थियो तर विवाद हुदाँ एमालेले सबथोक गुमाउनु पर्यो । पुनः२०७९मा माओवादी र एमाले मिलेकै कारण फेरी पनि ६ वटा प्रादेशिक सरकारको नेतृत्व गर्न बाम गठबन्धन सफल भएको, यथार्थलाई एमालेले बिर्सेने छैन सायद ।२०७२ अशोज र २०७४ सालमा माओवादी कै समर्थनवाट ओलीले प्रधानमन्त्री बन्ने अवसर पाएका थिए । तर माओवादीको उपेक्षा गर्दा २०७३ र २०७७ सालमा ओलीले प्रधानमन्त्रीको पद गुमाउनु परेको तितो यथार्थको स्मरण पनि भरसक ताजै हुनुपर्छ । पंचतन्त्रनै एक ठाँउमा यस कुराको पनि उल्लेख भएको पाइन्छ कि कसैको अवस्था परिवर्तन हुदैमा स्वभावमा परिवर्तन आउँदैन । बेस्सरी उम्लिरहेको पानीले पनि आगोलाई निभाउन सक्दछ अर्थात आगो निभाउनु पानीको स्वाभाविक गुण, स्वभाव अथवा प्रकृति हो । चिसो अथवा गर्म हुन त उसको अवस्थामात्रै हो । नेकपा एमाले र नेकपा माओवादी एक अर्कासित सहयोगको लेनदेन गरेर सत्तामा सहभागी भएका छन । तर अहिले पनि एकलाई अर्कोमाथि विश्वास छैन ।राष्ट्रपतिको निर्वाचनले गठबन्धन सरकारको स्थायित्वको पनि भविष्य निर्धारण गर्ने छ ।

## विनाविभागीय मन्त्रीको जिम्मेवारी ..................

गरेका थिए । प्रदेश प्रमुख मिश्रले बिहीवार बेलुका नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम तीन जना बिनाविभागीय मन्त्रीहरूको कार्य विभाजन गरेको हो ।

अन्य दुई विनाविभागीय मन्त्रीद्वय नेकपा एमालेका तर्फबाट मन्त्री बनेका सरोजकुमार यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय र जनता समाजवादी पार्टी (जसपा) का तर्फबाट मन्त्री बनेका सञ्जय कुमार यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ । प्रदेश सरकार विनाविभागीय मन्त्रीहरुको जिम्मेवारी तोकिएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव शत्रुधन यादवद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रदेश प्रमुख मिश्रले मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय, खानेपानी तथा ऊर्जा मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, सामाजिक विकास मन्त्रालय र कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय मुख्यमन्त्री सरोजकुमार यादवकै जिम्मेवारीमा रहेको विज्ञप्तिमा भनिएको छ ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरुः
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८0 देखि १00 मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्कः त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालयः भरतपुर, चितवन, ९८५५०३७०९९

# ओस्कर पुरस्कारको प्रतिस्पर्धामा छानिएपछि भारतीय चलचित्र “आरआरआर” को गीतको चुलिएको चर्चा



काठमाण्डौ,१२ माघ । भारतमा तेलुगू भाषामा बनेको चलचित्र ‘आरआरआर’ मा समाविष्ट एउटा गीत यो वर्ष ओस्कर पुरस्कारको अन्तिम प्रतिस्पर्धामा पुगेको छ ।

‘नाटू-नाटू’ शीर्षकको उक्त गीत ‘मौलिक गीत’ को विधामा प्रसिद्ध ओस्कर पुरस्कारको ९९औँ संस्करणका लागि मनोनयनमा परेको हो ।

उत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको विधामा बाहेक अरू विधामा ’अक्याडमी अवार्ड्स’मा मनोनयनमा परेको यो नै पहिलो कथानक भारतीय चलचित्र हो ।

पुरस्कार वितरण समारोहहरूमा उक्त गीत निकै लोकप्रिय बनेको छ। त्यसले गोल्डन ग्लोब र क्रिटिक्स चोइस अवार्ड पनि हात पारिसकेको छ।उक्त गीतको प्रतिस्पर्धा लेडी गागा र रिहानाका गीतहरूसँग हुनेछ । ओस्कर पुरस्कार समारोहका सञ्चालक रिज अहमद र एलिसन विलियम्सले मङ्गलवार बेभर्ली हिल्समा मनोनयनमा परेका चलचित्र, गीत र व्यक्तिहरूको घोषणा गरेका हुन्।

यो वर्ष मार्च १२ मा अमेरिकाको लस एन्जलिसमा पुरस्कार घोषणा र वितरण हुनेछ ।

ओस्कर मा भारतीय सङ्गीत

सन् २००९ मा भारतका एक प्रसिद्ध संगीतकार एआर रहमानले सङ्गीत संयोजन गरेको गीतले ओस्कर हात पारेको थियो।

चलचित्र ‘स्लमडग मिल्यनेअर’ को गीत ‘जय हो’ ले मौलिक गीतको विधामा उक्त उपलब्धि हासिल गरेको थियो। ब्रिटिश निर्देशक ड्यानी बोयलले उक्त चलचित्र बनाएका थिए। मनोनयनमा परेका गीतहरूको नाम घोषणा हुनुभन्दा घण्टौँअगाडि ट्विटरमा ३ल्त्चायचइकअबचक ट्रेन्ड हुन थालेको थियो। प्रशंसकहरूले सामाजिक सञ्जालमा आरआरआरले पुरस्कार जितोस् भन्ने कामना गरेका छन्।

विभिन्न म्यागजीनहरूमा प्रकाशित अनुमानहरूमा ‘नाटू-नाटू’ परेपछि उनीहरूको अपेक्षा बढेको देखिन्छ।

नाटू-नाटू गीतमा के छ?

साढे चार मिनेट लामो उक्त गीत युक्रेनमा सन् २०२१ मा खिचिएको हो। युक्रेनमा राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको कार्यालयमा त्यसको छायाङ्कन भएको थियो।

चलचित्रका मूल पात्रको भूमिका निर्वाह गरेका अभिनेताद्वय राम चरण र एनटी रामाराव जूनिअरले उक्त गीतको दृश्यमा नाचेका छन्। गीत कालभैरव र राहुल सिपलीगुन्जले गाएका हुन्।यो चलचित्रमा ब्रिटिश शासनविरुद्ध सङ्घर्ष गरेका दुई भारतीय क्रान्तिकारीको कथा प्रस्तुत गरिएको छायसमा द्वन्द्व, नृत्य र देशभक्ति झल्किने गीतहरू छन्।

चलचित्रमा भीमको भूमिका निर्वाह गरेका एनटीआरलाई तेलङ्गानाका र रामको भूमिकामा रहेका राम चरणलाई आन्ध्र प्रदेशका पात्रका रूपमा प्रस्तुत गरिएको छाभारतको औपचारिक मनोनयनमा परेको थिएन

भारतबाट ओस्करका लागि गरिएको औपचारिक मनोनयनमा गुजराती चलचित्र ‘चेल्लो’ले ‘आरआरआर’लाई उछिनेकोथियो। त्यसपछि निर्देशक एसएस राजामौलीले व्यापक सार्वजनिक अभियान गरेर उक्त चलचित्रलाई १४ वटा विधाका लागि प्रतिस्पर्धामा पठाए।तीमध्ये उत्कृष्ट तस्बिर, उत्कृष्ट निर्देशन र उत्कृष्ट पटकथाका विधा पनि पर्छन्।

‘आरआरआर’ भारतमा निर्माण भएका महँगा चलचित्रमध्ये पर्छ । यो चलचित्रलाई भारत र अन्यत्र पनि निकै सफल मानिएको छ।

सबैतिर प्रशंसा

संयुक्त राज्य अमेरिकामा ‘आरआरआर’ प्रदर्शन हुँदा दर्शकहरू रमाएर चिच्याएको भिडिओ सामाजिक सञ्जालमा देखिन्छ।

समीक्षकहरूले उक्त चलचित्रबारे उत्साहप्रद र सकारात्मक टिप्पणी गरेका छन्।

एड्गर राइट र जेम्स गनजस्ता हलीवुडका ख्यातिप्राप्त निर्देशकले पनि ‘आरआरआर’ को प्रशंसा गरेका छन्।क्रिटिक्स चोइस अवार्ड्सको २८औँ संस्करणमा उक्त चलचित्रले विदेशी भाषामा भनेको उत्कृष्ट चलचित्रको विधा ‘बेस्ट फोरिन ल्याङ्वेज फिल्म’को उपाधि र ‘नाटू-नाटू’ उत्कृष्ट गीतका रूपमा विजयी घोषित भएको थियो। त्यसपछि सो गीतका सङ्गीत संयोजक एमएम कीरवानीले प्रसिद्ध चलचित्र निर्देशक जेम्स क्यामरनसँग पुरस्कार वितरण समारोहमा खिचेका तस्बिरहरू सार्वजनिक गरेका थिए ।

क्यामरनले ‘आरआरआर’ दुई पटक हेरेको र आफ्नो सङ्गीतको प्रशंसा गरेको त्यतिबेला कीरवानीले लेखेका थिए।

क्यामरन पनि एक ओस्कर पुरस्कार विजेता चलचित्र निर्देशक हुन्।

कसरी बन्यो नाटू-नाटू

राजामौली, कीरवानी र गीतकार चन्द्रबोसले तीन वर्षअघि यो गीतमा काम गर्न थालेका थिए।

हैदराबादस्थित एउटा कारखानामा स्थापित 'आरआरआर' को कार्यालयबाट काम सुरु भएको थियो । आफ्नो गाडीमा बस्नासाथ चन्द्रबोसको मनमा गीतकाबारेमा विचारहरू फुर्न थालेको र त्यो कारखानाबाट आफैँ गाडी चलाएर बाहिर गइरहेको बेला उनको मनमा ‘नाटू-नाटू’ बोल फुरेको बताइएको छात्यसैलाई सुहाउनेगरी पछि सङ्गीत संयोजन भयो।

‘नाटू-नाटू’ को गीतमा अभिनेताहरूले आफ्नो नृत्य कौशल पनि देखाएका छन्। नाच्न सुहाउने गरेर चन्द्रबोसले त्यो गीत बनाए ।

गीतको सुरुका पङ्क्ति दुई दिनमा बनाएर उनले कीरवानीसँग भेटेको र उनलाई विभिन्न लयमा ती पङ्क्तिहरू सुनाएको पनि उनले बताएका छन् । विविसी

# बैतडीमा महिला टी-२० क्रिकेट



बैतडी, १२ माघ । शहीद दिवसको पूर्वसन्ध्यामा बैतडीको दशरथचन्द नगरपालिकामा सञ्चालित नगरस्तरीय महिला टि-२० क्रिकेट प्रतियोगिता विहिवारदेखि सुरू भएको छ ।

मङ्गलबारदेखि परेको वर्षाले मङ्गलबार र बुधबारका चारवटा खेल अवरुद्ध भएका थिए। अवरुद्ध खेल विहिवारदेखि खेलाउन थालिएको प्रतियोगिता संयोजक वीरसिंह बोहराले जानकारी दिनुभयो । आज दशरथचन्द नगरपालिका-२ देहिमाडौं र दनपा-५ दशरथ चन्द तथा दनपा-१० बाराकोट र दनपा-११ नागार्जुन भिड्दै छन् । दशरथचन्द नगरपालिकाको वार्षिकी कार्यक्रम र नगर खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता आयोजना गरिएको हो । नगरका सात टोलीको सहभागिता रहेको प्रतियोगिताको विजेताले रु २५ हजार तथा उपविजेताले रु १५ हजार प्राप्त गर्ने दशरथचन्द नगर खेलकुद विकास समिति अध्यक्ष भूपेन्द्र चन्दले जानकारी दिनुभयो । रासस

# अफ्रिकी देशहरुमा खाद्य सुरक्षाका लागि दश अर्ब अमेरिकी डलर सहयोग



डाकार, १२ माघ

अफ्रिकी विकास बैंकले अफ्रिकी देशहरुमा खाद्य सुरक्षाको प्रयोजनका लागि आर्थिक सहयोग गर्ने भएको छ । सो सहयोगको रकमबाट अफ्रिकाका देशहरुमा खाद्य सुरक्षाका लागि आवश्यक कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गरिने बताइएको छ ।

अफ्रिकी विकास बैंकका अध्यक्ष अकिनुवी अकेसिनाले बुधबार सो कुराको जानकारी दिनुभएको समाचारमा जनाइएको छ ।अफ्रिकी देशहरुमा कृषिको विकास तथा यस सम्बन्धी आयोजनाहरुको सञ्चालनका साथै यसका माध्यमबाट त्यहाँ खाद्यान्नको सुरक्षा गर्ने विषयमा सो बैंकले अहिलेका लागि १० अर्ब अमेरिकी डलर बराबरको सहयोग दिन थालेको उहाँले जानकारी दिनुभयो । डाकार खाद्य सुरक्षासम्बन्धी दोस्रो सम्मेलनका क्रममा बुधबार अध्यक्ष अदेसिनाले सो घोषणा गर्नुभएको हो ।उहाँले भन्नुभएको थियो सो रकम ती देशहरुलाई उपलब्ध गराउने प्रत्यक्ष सहयोग हो र यसबाट खाद्यान्न खरिद गर्नुका साथै कृषिका आयोजनाहरु सञ्चालन गरेर खाद्यान्न उत्पादनका काममा प्रयोग गर्न सकिनेछ ।

सो सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभएको थियो- अफ्रिकी देशहरु अहिले पनि आफ्ना उत्पादनहरुको निर्यातको सट्टा खाद्यान्नको आयातमा निर्भर हुनु परिरहेको छ र यो ठूलो दुर्भाग्या पनि हो । अहिले पनि विश्वको खेतीयोग्य जमिनको ठूलो हिस्सा अफ्रिकी देशहरुमा पर्दछ तर यहाँका नागरिक भोकै सुत्नुपर्ने अवस्था छ भन्दै उहाँले सबै देशहरुलाई उत्पादनका क्षेत्रमा लाग्न आग्रह पनि गर्नुभएको थियो । डाकारमा बुधबार सुरु भएको सो सम्मेलन यही शुक्रबारसम्म सञ्चालन हुनेछ । सो सम्मेलनमा अफ्रिकामा खाद्यान्नको सहयोग भन्दा पनि उत्पादनका लागि के कसरी तयारी गर्ने भन्ने बारेमा छलफल हुने भएको छ। (रासस/सिन्ह्वा)

# भारत र पाकिस्तान चार वर्षअघि “परमाणु युद्धको सँघारमा पुगेका थिए”



काठमाण्डौ,१२ माघ। संयुक्त राज्य अमेरिकाका भूतपूर्व विदेशमन्त्री माइक पोम्पिओले सन् २०१९ मा भारत र पाकिस्तान ‘परमाणु युद्धको सँघारमा पुगेको’ दाबी गरेका छन् ।

उनले आफ्नो नयाँ संस्मरणमा भारत-पाकिस्तान द्वन्द्वबारे चर्चा गरेका छन् ।

त्यसबेला भारत-प्रशासित कश्मीरमाभारतीयसुरक्षाकर्मीहरूमाथि घातक आक्रमण भएपछि दिल्लीले पाकिस्तानी भूभागमा हवाई आक्रमण गरेको थियो ।

त्यसपछि उत्पन्न तनावका बेला दुई देशले परमाणुअस्त्र प्रयोग गर्ने जोखिम बढेको थियो ।

पाकिस्तानले त्यतिबेला भारतका दुईवटा लडाकु विमान खसालिएको र एक भारतीय विमानचालकलाई नियन्त्रणमा लिइएको बताएको थियो। भारत र पाकिस्तान दुवैले पूरै कश्मीर आफ्नो स्वामित्वमा हुनुपर्ने दाबी गर्दै आएका छन्।कश्मीर उपत्यकामा सक्रिय पृथक्तावादी समूहहरूलाई पाकिस्तानले सहयोग उपलब्ध गराउने गरेको आरोप दिल्लीले लगाउने गरेको भए पनि इस्लामाबादले त्यसको खण्डन गर्ने गरेको छ।

दुवै देशसँग परमाणुअस्त्रहरू छन्। सन् १९४७ मा ब्रिटिश शासनबाट मुक्त भएर देश विभाजित भएपछि भारत र पाकिस्तानबीच तीनवटा युद्ध भइसकेका छन्।

तीमध्ये दुइटा कश्मीरको निहुँमा भएका थिए।

’कहिल्यै नबिर्सिने त्यो रात’

पोम्पिओले आफ्नो पुस्तक ‘नेभर गिभ एन इन्चः फाइटिङ फर दि अमेरिका आई लभ’मा बाँकी विश्वलाई भारत र पाकिस्तानको प्रतिद्वन्द्विता सन् २०१९ को फेब्रुअरी महिनामा परमाणु युद्धको चरणमा कति नजिक पुग्न लागेको थियो भन्ने कुरा थाहा भए जस्तो आफूलाई नलागेको लेखेका छन्।

सत्य के हो भने - कति नजिक भन्ने मलाई पनि ठ्याक्कै थाहा छैन। मलाई के थाहा छ भने त्यो निकै नजिक थियो।

उनले हनोईमा एक शिखरवार्ताको समयमा उत्तर कोरियालीहरूसँग परमाणुअस्त्रबारे वार्ता भइरहेको रात भारत र पाकिस्तानले कश्मीरको विषयमा एकअर्कालाई चेतावनी दिन थालेको कुरा ँकहिल्यै नबिर्सिने जनाएका छन्।त्यसबेला पृथक्तावादी लडाकुहरूले गरेको आक्रमणमा परेर ४० जनाभन्दा बढी भारतीय सैनिकको ज्यान गएको थियो।

त्यसलाई पोम्पिओले सम्भवतः पाकिस्तानको प्रतिआतङ्कवादसम्बन्धी फितलो नीतिका कारण सम्भव भएको एउटा इस्लामिक आतङ्कवादी आक्रमणको सङ्ज्ञा दिएका छन् ।

त्यसको प्रत्युत्तरमा भारतले पाकिस्तानी भूमिमा आक्रमण गरेको थियो।

पाकिस्तानीहरूले एउटा विमान खसाले र एक भारतीय विमानचालकलाई बन्दी बनाए । भारतीय समकक्षी र पाकिस्तानी सेनाप्रमुखसँग कुरा पोम्पिओले आफू हनोईमा सुतिरहेको बेला एक भारतीयसमकक्षी सँग कुरा गर्नका लागि भनेर बिउँझाइएको जनाएका छन्। तर ती भारतीय अधिकारीको नाम उल्लेख गरिएको छैन ।

उनलाई पाकिस्तानीहरूले प्रहार गर्नका लागि आफ्ना परमाणुअस्त्रहरू तयार पारिरहेका छन् भन्ने लागेको थियो। भारतले पनि त्यसबारे विचार गरिरहेको जानकारी मलाई दिए, पोम्पिओले लेखेका छन् ।

मैले उनलाई केही नगर्न र कुरा मिलाउन केही समय दिन आग्रह गरेँ ।

पोम्पिओले आफूसँगै भएका तात्कालिक अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनसँग छलफल गरेको उल्लेख गरेका छन् ।

त्यसपछि आफूले पाकिस्तानी सेनाप्रमुख जेनरल कमर जावेद बाज्वालाई सम्पर्क गरेर आफूलाई भारतीय पक्षले सुनाएको कुरा बताएको प्रसङ्ग पनि लेखेका छन्।

उनले त्यो सत्य नभएको बताए। र अनुमान गर्न सकिने गरी नै उनले पनि भारतीयहरूले आफ्ना परमाणुअस्त्र परिचालन गर्ने तयारी गरिरहेको आफूलाई लागेको बताए ।“

“हामीलाई केही घण्टा लाग्यो अनि दिल्ली र इस्लामाबादस्थित हाम्रा टोलीले राम्रो काम गरेकाले दुवै पक्षलाई अर्को पक्षले परमाणु युद्धको तयारी नगरेको कुरामा विश्वस्त पार्न सकियो ।

भयानक परिणाम आउन नदिन हामीले त्यो रात जे गर्‍यौँ त्यो अरू कुनै राष्ट्रले गर्ने थिएन, पोम्पिओ लेख्छन् ।

भारत र पाकिस्तान कसैले पनि पोम्पिओको दाबीबारे प्रतिक्रिया दिइसकेका छैनन्।सन् २०१९ मा भएको आक्रमणको जिम्मा जैश-ए-मोहम्मद नामक लडाकु समूहले लिएको थियो ।

उक्त समूह पाकिस्तानमा आधारित थियो। त्यतिबेला भारतले प्रत्याक्रमण गर्ने घोषणा गरेको थियो । भारतले लाइन अफ कन्ट्रोल अर्थात् भारत र पाकिस्तानबीच मानिएको नियन्त्रणरेखा नाघेर सन् १९७१ पछि पहिलो पटक हवाई आक्रमणहरू गर्‍यो । भारतले आफ्नो कारबाहीमा ठूलो संखयामा लडाकुहरू मारिएको दाबी गरेको थियो। तर पाकिस्तानले उक्त दाबीलाई गैरजिम्मेवार को सङ्ज्ञा दिएको थियो । विविसी

# फ्रान्समा प्राकृतिक प्रकोपको लागत २३ वर्षयताकै उच्च



पेरिस, १२ माघ

प्राकृतिक प्रकोपका कारण गत वर्ष फ्रान्सेली बीमा कम्पनीहरूले १० अर्ब युरो (१०.९ अर्ब अमेरिकी डलर) को क्षति बेहोर्नुपरेको छ । यो दुई दशकमा सबैभन्दा उच्च क्षति हो ।फ्रान्स एश्योरर्सकी अध्यक्ष फ्लोरेन्स लस्टम्यानले गत वर्ष आएको असिना, बाढी र खडेरीलाई उद्धृत गर्दै युरोप-१ रेडियोसँग भन्नुभयो,ँयो बर्ष विपत्तिका कारण इन्सोरेन्स कम्पनीहरूले ठूलो क्षति व्यहोर्नुपरेको छ । प्राकृतिक प्रकोपका कारण विमा उद्योगले सन् २०१७ देखि सन् २०२१ को बीचमा प्रति वर्ष औसतमा ३.५ अर्ब यूरो खर्च गर्नुपरेको उहाँले बताउनुभयो । सन् १९९९ मा फ्रान्समा आएको आँधीबेहरीपछि सन् २०२२ को यो आँकडा सबैभन्दा बढी हो । बीमा महासङ्घले आगामी ३० वर्षमा प्राकृतिक प्रकोपबाट प्राप्त हुने रकम १४० अर्ब युरोभन्दा बढी क्षति हुने बताएको छ ।

पुनर्बीमा कम्पनी ‘स्विस रि’ले गत डिसेम्बरमा प्राकृतिक र मानव सिर्जित विपत्तिका कारण सन् २०२२ मा विश्वभर २६८ अर्ब अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको जनाएको थियो। (रासस/एएफपी)

# सुरक्षा कारबाहीमा एक सातामा अल सबाबका तीन सयभन्दा बढी लडाका मारिए



मोगादिसु १२ माघ

सोमालियामा यहाँको सेनाले यहाँका विद्रोही अल सबाबका विरुद्धमा जारी राखेको कारबाहीका क्रममा एक सातामा कम्तीमा पनि तीन सय जना लडाका मारिएका छन् ।यहाँका सैन्य अधिकारीहरुले बुधबार दिएको जानकारीअनुसार यहाँ गएको एक हप्तायता जारी राखेको कारबाहीका क्रममा ती सेना मारिएका हुन् । मारिनेमा दुई जना अल सबाब सशस्त्र समूहका दुई जना कमाण्डर पनि रहेका छन् ।

देशव्यापी रुपमा गरिएको कारबाहीमा उनीहरु मारिएका यहाँका एक सैन्य अधिकारीले जानकारी दिएका छन् ।बुधबार यहाँको सरकारले आयोजना गरेको एक पत्रकार सम्मेलनमा सोमाली सरकारका सूचना मन्त्री दाउद अवेस जामाले पनि सो कुराको पुष्टि गर्नुभएको छ ।उहाँले सो कारबाहीका क्रममा अल सबाब सशस्त्र समूहका तीन सय २३ जना लडाकाहरुको ज्यान गएको र अरु कैयौँ घाइते भएका जानकारी दिनुभयो । उहाँले यहाँको सेनाले अल सबाबका लडाकाहरुका विरुद्धमा विशेष प्रतिरक्षात्मक कारबाही सुरु गरेको र यो कारबाही अझै केही दिन रहने पनि बताउनुभएको थियो । (रासस/सिन्ह्वा)

# फरार रहेका मनिट्रान्सफरका ३ कर्मचारी ठगी आरोपमा पक्राउ

मधेशदृष्टि
बीरगंज १२ माघ।



बीरगंजको घण्टाघरमा रहेको माँ दुर्गा मनिट्रान्सफर प्रा.लि.मा काम गर्ने ३ जनालाई रकम ठगी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साले पक्राउ गरेको छ।

बीरगंज महानगरपालिका वडा नं १० मा रहेको माँ दुर्गे मनिट्रान्सफर प्रा.लि.मा काम गर्दै आएका वीरगंज वडा नम्बर १० मा निवासी आकाश साह, संजय साह र महम्द सकिर मियाँलाई प्रहरीले ४ लाख १४ हजार ८ सय रुपैया ठगी गरेको आरोपमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

माँ दुर्गे मनिट्रान्सफर कम्पनीका सञ्चालक बिजय साह सरार्फले ४ लाख १४ हजार ८ सय रुपियाँ कृषि बिकास बैकमा जम्मा गरी सो को भौचार लिएर आउन बैकमा पठाएकोमा कम्पनीमा कार्यरत तीन जना कर्मचारीले उक्त रकम लिएर फरार भएका थिए।

कम्पनीमा कार्यरत कर्मचारीले बैकमा रकम जम्मा नगरि भागेको सूचना जिल्ला प्रहरी कार्यालय पर्सामा आएसँगै जिल्लावाट प्रहरी निरीक्षक प्रज्वल थपलियाको कमाण्डमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले बताउनुभयो। अभियुक्तको साथबाट प्रहरीले २ लाख २३ हजार ५ सय रुपैया बरामद समेत गरेको छ। प्रहरीले घटनामा संलग्न ३ जनालाई ठगी, अपराधिक विश्वासघात तथा अपराधिक लाभ सम्वन्धी कसूरमा अनुसन्धान गर्न जिल्ला अदालत पर्साबाट ४ दिनको भ्यादथप गरी आवश्यक कारवाही अगाडी बढाएको डिएसपी गिरीले बताउनुभयो।

# आफू पनि भ्रष्ट्राचार नगर्ने र भ्रष्ट्राचारीलाई पनि नछाडने मुख्यमन्त्री यादवको चेतावनी

मधेशदृष्टि
बीरगंज १२ माघ।





मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आफूले पनि भ्रष्ट्राचार नगर्ने र भ्रष्ट्राचार गर्नेलाई पनि नछोड्ने बताएका छन। कलैयामा नगरसभा गृहको शिलान्यास गर्दै मुख्यमन्त्री यादवले आफु कनै दलको मुख्यमन्त्री नभई सिङ्गो मधेस प्रदेशको मुख्यमन्त्री भएको बताउँदै प्रदेशमा सुशासन कायम गर्न, विधिको शासन कायम गर्ने र बेतिथिलाई अन्त्य गर्नू आफ्नो प्राथमिकता रहेको बताए।

राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो रुपमा मूल्याङ्कन गर्ने बताउँदै उहाँले नराम्रो काममा संलग्न जो कोहीलाई पनि कार्यवाही प्रक्रियाबाट छुटाउनका लागि अनावश्यक रुपमा दबाब सृजना नगरिदिन सबैलाई आग्रह समेत गरे।

उनले सबैको अपनत्व हुने गरि प्रदेशमा काम गर्ने प्रतिबद्धता समेत व्यक्त गरे। मधेस प्रदेशमा विकासका पूर्वाधारहरू अगाडी बढाउँदै नेपाल मै नमुना प्रदेशको रुपमा विकास गर्ने सोच रहेको स्मरण गर्दै मुख्यमन्त्री यादवले संघ र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरि अगाडि बढ्ने बताए। उनले जिल्लाको सदरमुकामबाट नै विकासको थालनी गर्ने अभियानको रुपमा पनि पहिलो पटक कलैया उपमहानगरपालिकाबाट विकासको आयम शुरुवात गरेको जानकारी गराए। कलैया उपमहानगरपालिकाका मेयर विनोद साहको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रतिनिधिसभा सांसद अच्युत मैनाली, संविधानका सदस्य प्रमोद गुप्ता, प्रदेश सांसद महम्द समिर, निवर्तमान प्रदेश सांसद पारस साह, सिम्रौनगढ नगरपालिकाका मेयर किशोरी प्रसाद साह लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले नगरसभा भवन ५ करोड ६० लाख ९५ हजार ३ सय ८८ रुपैयाँमा २०८० साल ज्येष्ठ मसान्त सम्ममा निर्माण सम्पन्न गर्ने गरी साहु कन्ट्रक्सन रौतहटले ठेक्का लिएको जानकारी दिए।

# कोरोना कालपछि पहिलो पटक भव्यरुपमा मनाईयो सरस्वतीपुजा



मधेशदृष्टि
बीरगंज १२ माघ।

श्रीपञ्चमी' पर्वका अवसरमा विहिवार मुलुकको प्रमुख आर्थिक नगरी वीरगंज लगायत नेपालभर बिद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी मनाइँएको छ।

विगत ३/४ बर्ष देखि कोरोना संक्रमणको कारण विथोलिएको सरस्वती पुजा यस पटक भने वीरगंज सहित देशभर भव्य रुपमा मनाईएको छ। चन्द्रमा जस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी बिद्याकी देवी सरस्वतीलाई भक्तजनले भारती, शारदा, हँसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिधात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन्।

बिद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ आफ्ना कला साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजाआराधना गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्छन्।

सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजका दिनलाई 'वसन्त पञ्चमी' पनि भन्ने गरिन्छ।

ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धी पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धी र सद्बुद्धि प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ। गान्धर्व पुराणमा आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धी प्राप्त हुन्छ भन्ने उल्लेख छ। आजका दिन विवाह, ब्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने विश्वास छ। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक कान छेड्ने गरिन्छ। वीरगंजमा बिभिन्न बिद्यालय तथा कलेजहरुमा विहिवार बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लागेको थियो।

# बिल विजक भन्दाबढिका सामान लोड गरेको पिकअप नियन्त्रणमा

मधेशदृष्टि
बीरगंज १२ माघ।

पर्सा प्रहरीले बिल बिजक भन्दा बढी लत्ताकपडा तथा टेन्टका सामानहरू लोड गरेको पिकअप गाडी नियन्त्रणमा लिएको छ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ ईनर्वाचोक स्थित सडकखण्डबाट मधेश प्रदेश ०३-००१ च ६५०० नम्बरको पिकअप गाडीलाई प्रहरीले नियन्त्रणमा लिएको हो। बिल विजक भन्दा बढी विभिन्न किसिमका लत्ताकपडा तथा टेन्टका सामानहरू बोकेको पिकअप वीरगञ्जबाट हेटौडातर्फ गईरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा मातहतका वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको टोलीले पिकअप गाडीलाई रोकी जाँच गर्ने क्रममा विल बिजक संकास्पद देखिएको पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए। १० लाख १५ हजार बराबरको पिकअप गाडी र सो भित्र लोड रहेको लत्ताकपडा तथा टेन्टका सामानहरूलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको तथा आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको डिएसपी गिरीले बताए।



# अन्तरदेशीय पेट्रोलियम पाईपलाई परियोजनाको काममा तिव्रता

मधेशदृष्टि, बीरगंज १२ माघ।

नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम तीव्ररुपमा अघि बढेको छ।

नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालयअन्तर्गत बाराको अमलेखगञ्जस्थित डिपोमा पेट्रोल ट्र्याङ्क, ट्रान्समिक्स ट्याङ्कलगायत संरचना निर्माण थालिएको हो। आयल निगमका अमलेखगञ्जस्थित डिपोका प्रबन्धक प्रदीपकुमार यादवले पाईप लाईन परियोजनाको दोश्रो चरणको निर्माण कार्य तिव्र रुपमा अगाडी बढेको जानकारी दिए।

उक्त योजनाअन्तर्गत चार हजार एक सय किलोलिटर क्षमताका दुई पेट्रोल ट्र्याङ्क, २५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्र्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ वे (रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गरिने छ। त्यस्तै, फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसीसी कक्ष निर्माणसमेत यही योजनाअन्तर्गत निर्माण हुनेछ। लिखिता इन्फास्ट्रक्चर प्रालिले एक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी सबै पूर्वाधार निर्माणको ठेक्का दिइएको कार्यालयले जनाएको छ। उक्त योजनाका लागि नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनले संयुक्तरुपमा लगानी गर्ने गरी सम्झौता भएको छ। यसअन्तर्गत दुई पेट्रोल ट्र्याङ्कमध्ये निगम र आइओसीले एक/एक ट्याङ्कको लागत बेहोर्नेछन्। त्यस्तै, पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्र्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय पक्षले निर्माण गरिदिनेछ। यसो गर्दा आइओसीले करिब ७५ करोड भारतीय रुपैयाँ खर्च हुने अनुमान गरिएको कार्यालय प्रमुख यादवले जानकारी दिए। यो आयोजना यही वर्षको डिसेम्बरसम्म निर्माण सम्पन्न भई अङ्ग्रेजी नयाँ वर्षदेखि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

# भन्सार छली गरिएका लाखौं मुल्य बराबरका समाग्री नियन्त्रणमा

मधेशदृष्टि
बीरगंज १२ माघ।

बारा प्रहरीले भन्सार छली ल्याएका २ लाख ६० हजार मूल्य बराबरको अवैध सामाग्रीहरु नियन्त्रणमा लिएको छ।

बुधवारराति ११:३० बजे बाराको बिश्रामपुर गाउँपालिका वडा नम्बर ४ मुसहर्वामा भन्सार छलीको सामान प्रहरीले नियन्त्रणमा लिएको हो। भारतबाट नेपालतर्फ नामथर वतन नखुलेको अभियुक्तहरुले विभिन्न कम्पनीका मोबाईल चार्जर, ईयरफोन, बुफरलगायत अन्य सामानहरु टाउकोमा बोकी ल्याउदै गरेकोमा जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीलाई देख्नासाथ सामान छोडर फरार भएको बारा प्रहरीले जनाएको छ।

बरामद गरिएको सामानको मुल्य २ लाख रुपैया रहेको बाराका प्रहरी प्रवक्ता एवम डिएसपी राजेश थापाले जानकारी दिए।

यसैगरी बाराको बिश्रामपुर गाउँपालिका ४ बलिरापुरमा प्रहरीले अवैध सामान नियन्त्रणमा लिएको छ।

भारतबाट नेपालतर्फ केही महिलाहरुले आफ्नो टाउकोमा ६० हजार मूल्य बराबरको विग डिपर लाईट १२ पिस ल्याउदै गर्दा जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको नियमीत गस्ति टोलिलाई देखेर सामान फाली फरार भएको बारा प्रहरीले जनाएको छ।

# मधेशमा नव परिवर्तन ल्याएर देखाउने मन्त्री यादवको दाबी

मधेशदृष्टि
जनकपुरधाम,१२ माघ।




मधेश प्रदेशका भौतिक पुर्वाधार मन्त्री सरोज यादवले अहिलेको सरकारले नव परिवर्तन ल्याएर देखाउने दाबी गरेका छन।

विहिवार जनकपुरधामको प्रख्यात निजी विद्यालय अक्षर विद्या मन्दिरको अबलोकन गर्ने क्रममा संचारकर्मीहरुलाई प्रतिक्रिया दिदै मन्त्री यादवले अहिले मन्त्रीमण्डलमा नया जोस र जागर भएका युवाहरुले नेतृत्व पाएकोले उतकृष्ट प्रदेश बनाएर देखाउने दाबी गरे।

उनले भने,"अहिले आफु कार्यभार न सम्हालेकोले विगतमा भएका त्रुटिहरु र त्यसलाई सच्याएर कसरी अगाडी बढने त्यसबारेमा आफु केहि नभन्ने तर मधेशका जनताले मधेशमा विकास हुने भनेर आफुमाथि विश्वास गर्न सक्ने बताए। कार्यभार नसम्हालेपनि मधेशको विकासका लागि विभिन्न योजनाहरु तयार गरिसकेको र छिटै त्यस्ता आयोजनाहरु सार्वजनिक गर्ने बताउदै उनले आफनो कार्यकाल मधेशका जनताले गर्व गर्नेमा विश्वस्त हुन आग्रह गरे।

मन्त्री यादवले शिक्षामा लगानी गरिएपनि सो अनुसारको फाईदा हुन नसकेको स्विकार गर्दै मधेशका बालबालिकाहरुलाई उतकृष्ट शिक्षाका लागि आफुले सोच बनाएको र कुनै पनि बालबच्चा शिक्षा विहिन नबन्ने उनले दाबी गरे। उनले अक्षर विद्या मन्दिर जस्तो उतकृष्ट विद्यालयहरु जनकपुरधाम छदा छदै शिक्षाका लागि अन्यत्र जाने परिपाटीलाई अन्त्य गर्नुपर्ने आवशयकता रहेको समेत वताएका थिए।

कार्यक्रममा अक्षर विद्या मन्दिरका संचालकका संगै विद्यालयका शिक्षकहरुको उपस्थिती रहेको थियो र

# बारामा सवारी दुर्घटनामा तीन जना घाईते

मधेशदृष्टि
बीरगंज १२ माघ।

बारामा सवारी दुर्घटना हुँदा ३ जना घाईते भएका छन्। गएराति जिल्लाको निजगढ नगरपालिका वडा नम्बर १ धन्सारपुल स्थित पूर्वपश्चिम राजमार्ग सडक खण्डमा रौतहटको चन्द्रनिगाँहपुरबाट निजगढतर्फ आउदै गरेको प्र-३-०२६ प ३५२५ नम्बरको स्कुटर आफै अनियन्त्रित हुँदा दुर्घटना भएको बारा प्रहरीले जनाएको छ।

घाईते हुनेमा स्कुटर चालक रौतहटको कटहरिया नगरपालिका वडा नम्बर २ निवासी २८ वर्षीय शेख सदाम, सोही स्कुटरमा पछाडी सवार चन्द्रपुर नगरपालिका वडा नम्बर ४ का २७ वर्षीय शेख सर्फदिन र बाराको निजगढ नगरपालिका वडा नम्बर २ का ४० वर्षीय दिनेश मगर रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए। उनका अनुसार ३ जना घाईतेहरुको अवस्था सामान्य रहेको र उनीहरुको निजगढ सामुदायिक अस्पतालमा उपचार भइरहेको छ।

बिक्रीमा
११ x १६ अफसेट मशीन - १ थान (हामादा)
१५ x २० अफसेट मशीन - १ थान (डोमिनेट)
३६'' कट्टीङ्ग मशीन - १ थान
परफेट्टीङ्ग मशीन - १ थान
कम्प्यूटर सेट - १ थान
सम्पर्क नं.:
9854020791, 9854021791

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल